# पुनर्वास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पुनर्वास, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश




# राजश्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

२०७९/८० -२०८१/८२

**अन्तिम प्रतिवेदन**

**सहयोगी निकाय:**

प्रदेश सुशासन केन्द्र, पुन्ना, डोटी ।

सहजिकरण: स्कोलार-स्मार्ट-अपि प्वाइन्ट जेभि, बबरमहल, काठमाडौं ।

२०७९ असार

प्रदेश सरकार,
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रादेशिक सुशासन केन्द्र**
पुन्ना, डोटी, नेपाल

पत्र सं:
च.नं:



## मन्तव्य

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) देशका ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहहरुमा नेपालको संविधान २०७२ को मर्म अनुसार सघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न आ.व. २०७६/०७७ बाट ४ वर्षका लागि यो कार्यक्रम संचालन भएको छ ।यस सुदूरपश्चिम प्रदेशमा क्षमता विकासको लागि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटीबाट सेवा प्रवाहको व्यवस्था मिलाई कार्यक्रम संचालन भईं रहेको छ ।

नेपालमा संघीयताको अभ्यास नयाँ विषय हो । परिवर्तित परिवेशमा तिनै तहका सरकारहरुका वीचको समन्वय, सहकार्य र सहअस्तित्ववाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ । यसै सन्दर्भमा संघीयताको सफल, कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग वलियो बनाउन सकिन्छ । यही वलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले प्रादेशिक सुशासन केन्द्र, डोटीले प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले काम गरि रहेको छ ।

आव २०७८।०७९ को यस केन्द्रको वार्षिक कार्यक्रम अनुसार स्थानीयतहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत आवधिक योजना निर्माण, राजश्व सुधार कार्य योजना, क्षमता विकास योजना, लैंगिक समानता तथा सामाजिक समावेसीकरण रणनीति आदि जस्ता कार्यहरुमा गाँउपालिका वा नगरपालिकासंगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिदै आएको छ । सोही सन्दर्भमा तहाँ गाँउपालिका÷नगरपालिको राजश्व सुधार योजना निर्माणमा यस केन्द्रवाट सहयोग गर्नपाउँदा म व्यक्तिगत तथा प्रादेशिक सुशासन केन्द्रको सम्पूर्ण विज्ञ र कर्मचारीहरुको तर्फवाट खुशी व्यक्त गर्दछु । भविष्यमा पनि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी यस कार्यमा निरन्तर सहयोग र सहकार्य गरि रहने छ ।

अन्तमा राजश्व सुधार योजना निर्माण कार्यको शुरु देखि नै आवश्यक सहयोग गरि उक्त कार्य सम्पन्न गर्नमा योगदान पुर्याउनु हुने गाँउपालिका, नगरपालिकाका अध्यक्ष वा प्रमुख उपाध्यक्ष वा उपप्रमुख एवं सम्पुर्ण गाँउ-नगर कार्यपालिकाका सदस्यहरु तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै यस कार्यमा संलग्न विज्ञ एवं प्राविधिक समूहलाई पनि धन्यवाद दिन चाहन्छु ।

पदमराज जोशी
कार्यकारी निर्देशक
प्रादेशिक सुशासन केन्द्र ,पुन्ना, डोटी
मिति : २०७९।०३।२०

## दुई शब्द

नेपालको सविंधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर-सरकारी वित्तिय हस्तान्तरण ऐन, २०७४ अनुसार पालिकाहरुलाई आय संकलन गर्ने अधिकार दिईएको छ । पालिका आफैले कर एवम् शुल्कका दरहरु तोक्ने र संकलन गर्ने अधिकार राख्दछ । कर तर्फ सम्पत्ति कर, व्यवसाय कर तथा घर जग्गा कर आदि प्रमुख छन् भने नक्सा पास, इजाजत पत्र जारी तथा नवीकरण, कागजात प्रमाणित एवम् सिफारिस शुल्कहरु पनि आन्तरिक आम्दानीका स्रोत हुन् । साथै पालिकाले आफ्नो सम्पत्ति परिचालन गरी तथा प्राकृतिक स्रोतहरुको सिफारिस एवम् विक्री गरी आय आर्जन गर्ने अधिकार पनि आफुमा सुरक्षित रहन्छ ।

पालिकामा करिब २६ प्रकारका राजस्वको स्रोतहरु छन् । कतिपय स्रोतहरु परिचालन गर्ने संस्थागत संयन्त्र बलियो नभएर राजस्व वा शुल्क उठाउन सकेका छैनन् । स्थानिय तहलाई आत्म निर्भर बनाउन यस कार्य योजनाले मार्ग निर्देशनको कार्य गर्ने छ भन्ने विश्वास लिएकी छु । अन्त्यमा यस कार्य योजनाको सफल कार्यान्वयन हुने प्रतिवद्धता गर्दछु साथै यो कार्य योजना तयार गर्न सहयोग गर्ने प्रदेश सुशासन केन्द्र PCGG, पुन्ना डोटी लगायत यस पालिकाका पदाधिकारि कर्मचारीहरु र विज्ञ समुहहरुलाई बधाई तथा धन्यवाद दिन चाहन्छु ।

नगर उप प्रमुख

## मन्तव्य

स्थानीय तहको स्रोत परिचालनमा आत्मनिर्भर बनाई कुल खर्चमा आन्तरिक राजस्वको अंश क्रमशः बढाउनका लागि विकास निर्माणका कामहरु तीव्र गराई नगरबासीको जीवनस्तर सुधार गर्न नगरपालिकालाई आर्थिक रुपमा सबल बनाउन "राजस्व सुधार कार्ययोजना" आवश्यक भएकोले यो कार्ययोजना तयार पारिएको हो । राजस्वका सबै स्रोतहरुलाई समतामूलक, प्रगतिशील र न्यायपूर्ण बनाउँदै राजस्वका दायरा र क्षेत्र वृद्धि गर्न पनि राजस्व सुधार कार्ययोजना आवश्यक पर्दछ । यस पालिकाको राजश्व सुधार तयार गर्ने PCGG, पुन्ना, डोटीका निर्देशक श्री पदम राज जोशी ज्यु लगायत परामर्शदाता टिम र यस कार्यमा सहयोग गर्ने यस पालिकाकाको राजश्व सुधार परामर्श समिति, कर्मचारी र पदाधिकारिहरुलाई धन्यवाद दिन चाहन्छु ।

वित्तिय स्रोत परिचालन र व्यवस्थापनमा नगर भित्रका निजी क्षेत्र, नागरिक समाज एवम् अन्य सरोकारवाला समेतको सक्रिय सहभागिता र सहकार्यले पनि राजस्व परिचालनमा ठुलो प्रभाव पार्दछ । तसर्थ प्रत्येक वर्ष आफ्नो प्रतिवेदन दिई नयाँ नीति अख्तियार गर्न पालिकालाई परामर्श दिने "राजस्व परामर्श समिति" लाई समेत यो योजना ज्यादै महत्वपूर्ण हुन सक्दछ । यस राजश्व सुधार कार्य योजनाले दिएका सुझावहरुलाई क्रमश लागु गर्दै जाने र बार्षिक रुपमा यसमा परिमार्जन गरि पालिकाको वित्तिय अनुशासन कायम गरी आन्तरिक राजश्व बृद्धि गर्नमा यस राजश्व सुधार कार्य योजनाले सहयोग गर्ने विश्वास लिएको छु ।

प्रमुख प्रशासकिय अधिकृत

# विषय सूची

परिच्छेद–एक : परिचय ........ 1
१.१ पृष्ठभूमी ........ 1
१.२ राजश्व सुधार योजनाको औचित्यः ........ 3
१.३ राजश्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु ........ 4
१.४ योजना तर्जुमा विधि र प्रकृया ........ 5
१.५ योजनाका सीमाहरु ........ 8
परिच्छेद – दुई : पुनर्वास नगरपालिकाको संक्षिप्त परिचय ........ 10
२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ 10
२.२ नगरपालिकाको मानव संसाधनको अवस्था ........ 15
२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था ........ 16
परिच्छेद तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता ........ 17
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ 18
(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः ........ 23
(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) : ........ 24
३.२. नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ 26
३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ 27
३.३.१ स्थानीय कर राजश्व ........ 28
३.३.२ गैरकर राजश्व ........ 33
परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ 38
४.१ राजश्व परिचालन सम्बन्धि नीति ........ 38
४.२ आय संकलनको संस्थागत व्यवस्था ........ 39
४.३ नगरपालिकाको आन्तरिक आय परिचालनको अवस्था ........ 41
४.४ राजश्व परिचालनमा रहेका सवालहरू ........ 44
परिच्छेद –पाँच : राजश्व सुधार कार्ययोजना ........ 49

५.१ नगरपालिकाको राजश्व सुधार कार्ययोजना ........................................ 49
परिच्छेद –६: आगामी तीन वर्षको आय प्रक्षेपण ........................................ 55
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण........................................ 55
६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजश्व प्रक्षेपण ........................................ 57
परिच्छेद सात : अपेक्षित नतिजा ........................................ 61
परिच्छेद आठ : अनुगमन तथा मूल्यांकन ........................................ 63
अनुसूचीहरु........................................ 65
अनुसूची १ : सन्दर्भ सामग्रीहरू........................................ 65
अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ................ 66
अनुसूची ३ : राजश्व सुधार सम्बन्धि छलफलको उपस्थिती तथा फोटो............................ 71
अनुसुची ४: अनुशिक्षणको प्रस्तुति सामाग्री ........................................ 84

## पुनर्वास नगरपालिकाको नक्सा



# परिच्छेद–एक : परिचय

## *१.१ पृष्ठभूमी*

नेपालको संविधान २०७२ को अनुसुचि ८ र ९ बमोजिम स्थानीय तहलाई दिएको अधिकार सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीयतहलाई जिम्मेवारी दिएको छ । संविधानमा व्यवस्था भए अनुसार यी तिन तहका सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नका लागि जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्न जनतालाई गुणस्तरीय सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ । यसको लागि स्थानीय नेतृत्वको विकास गरि स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक पक्षलाई संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा समेत आएको छ । यो ऐन आएपछि स्थानीय तहमा कानूनको अभाव हट्न गइ कामकाज गर्न सजिलो भएको छ । साथै सरकारबाट विभिन्न नमूना कानूनको निर्माण गरि स्थानीय तहलाई आफ्नो कानून आफै बनाउन नसकेसम्म यिनै नमूना कानूनबाट अगाडी बढ्दै गर्न सजिलो भएको छ ।

स्थानीय तहलाई स्वायत्त र उत्तरदायित्वपूर्ण बनाउनका लागि ऐनको परिच्छेद ९ अन्तर्गत गाँउपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको निश्चित गरिएको छ । आफ्नो अधिकार क्षेत्रभित्र आफै स्रोत, साधन संकलन गरि व्यवस्थित योजना पद्धति अनुसार स्थानीय विकास निर्माणका कार्यहरु कार्यान्वयन गर्न स्थानीय तहहरु स्वतन्त्र रहेका छन् । यसको लागि स्थानीय तहलाई प्रयाप्त स्रोत र साधनहरुको आवश्यकता पर्ने भएकोले आफ्नो क्षेत्रमा स्रोत साधन परिचालन गर्न वित्तिय अधिकार क्षेत्र किटानी गरिएको छ । कर, शुल्क, सेवा शुल्क र दस्तुरहरुमा तथा सिफारिस कार्य गर्नका लागि ऐनले विभिन्न अधिकार क्षेत्रहरु तोकिदिएको छ । स्थानीय तहले आफ्नो स्रोत संकलन र परिचालन गर्न- एककृित सम्पति कर (सम्पत्ति कर), घरजग्गा कर, भुमिकर मालपोत, घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ्ग शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु तथा विभिन्न सेवाहरुमा सेवा शुल्क लगाउन सक्ने तथा ढुङ्गा गिट्टी,स्लेट, बालुवा,चुनढुङ्गा, अब्रख, दहत्तर बहत्तरको बिक्री शुल्क तोक्ने तथा संकलन गर्ने, सामुदायिक वनको आयबाट रोयल्टी प्राप्त गर्ने जस्ता अधिकार दिएको छ । ऐनले प्रदेश, गाँउपालिका/नगरपालिकाको बीच रहेका दोहोरो अधिकार क्षेत्रभित्रका वित्तिय अधिकार अन्तर्गत कर निर्धारण एंव कर संकलन र बाँडफाँट बारे समेत प्रष्टता गरेको छ । यस्ता दोहोरो अधिकार क्षेत्र भित्रका करको दरहरु निर्धारण गर्दा कुनै निश्चित तहलाई तोकेको छ । जस्तै सवारी साधन करको दर निर्धारण र संकलन गर्ने जिम्मेवारी प्रदेशको हुने, घर जग्गा रजिष्ट्रेसन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र सो को संकलन गाँउपालिका वा नगरपालिकाले गर्ने, मनोरञ्जन करको दर र संकलन प्रक्रिया प्रदेशले गर्ने र संकलन गाँउपलिका वा नगरपालिकाले गर्ने, पदयात्रा  र पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने र नियमानुसार बाँडफाँट गर्ने गरि जिम्मेवारी तोकिएको छ । यसरी एक अर्का स्थानीय तहका बिच अन्तर सम्बन्धित स्रोत साधनहरुको उत्खनन् एवं परिचालन गर्न अन्तरनिर्भरता हुने भएकोले कस्ले के गर्ने भन्ने बारेमा अन्यौल नहुने गरि सामञ्जस्यता गर्ने प्रयास गरिएको छ । तसर्थ, स्थानीय तहहरुले स्थानीय तवरले सहयोग र समन्वय गरि स्रोत साधन संकलन र परिचालन प्रभावकारी रुपमा गर्न आवश्यक रहेको छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ

भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि ती निकायहरुको आन्तरिक राजश्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजश्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजश्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजश्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

राजश्व अधिकार अन्तरगत स्थानीय तहले परिचालन गर्न सक्ने आन्तरिक आयले मात्र स्थानीय तहको कार्य जिम्मेवारी पुरा गर्न सम्भव नभएको हुँदा स्थानीय तहको स्रोत आवश्यकता पूरा गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण आवश्यक हुन्छ । नेपालको संवैधानिक व्यवस्था अनुसार स्थानीय तहले वित्तीय हस्तान्तरण स्वरुप संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्राप्त गर्दछन् ।




नेपालको संविधानमा नेपाल सरकारले उठाएको राजश्वको बाँडफाँट तीनवटै तहका सरकारहरुबीच न्यायोचित रुपमा गरिने उल्लेख छ । यसै मान्यता अनुरुप संविधानमा नेपाल सरकारबाट असुल हुने आन्तरिक उत्पादन तर्फको अन्तःशुल्क र मूल्य अभिबृद्धि करबाट प्राप्त हुने राजश्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ ।

तहगत सरकारलाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्न उपलब्ध राजश्व अधिकार र वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने स्रोत पर्याप्त नहुने हुँदा भविष्यमा परिचालन हुने राजश्वबाट तिर्ने गरी ऋण परिचालन गर्न सक्ने अधिकार समेत प्रदान गरिएको छ । नेपालको विद्यमान संवैधानिक र कानूनी व्यवस्था अनुरुप स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृतिमा मात्र ऋण लिन सक्ने कानूनी व्यवस्था गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ आउनु अगाडी स्थानीय निकायहरु स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार संचालन हुदै आएकाले त्यस अनुसार उठाई आएका कर, दस्तुर र सेवा शुल्कहरुलाई थप परिमार्जन सहित स्थानीय सरकार संचालन ऐन २०७४ (२०७५/११/१९ को संशोधन सहित) आएकोले सो ऐनको आशय बमोजिम अब प्रत्येक स्थानीय

तहले आफ्नो आन्तरिक आयको बारेमा सम्भाब्यता अध्ययन गर्ने र योजनाबद्ध तरिकाले आँकलन र परिचालन गर्न जरुरी भएको छ । यस्तो अध्ययन कार्यले स्थानीय तहमा पहिचान नभएका वा परिचालन हुन बाँकी रहेका स्रोत साधनहरुको बारेमा सुझाव र पहिचान भएका स्रोतहरुको उचित व्यवस्थापन गरी आन्तरिक आय संकलन कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न सहयोगी योजना निर्माण गर्न पुनर्वास नगरपालिकाले यो राजश्व सुधार कार्ययोजना तयार गरेको छ ।

## स्थानीय राजश्व परिचालनको सैद्धान्तिक मान्यताः

स्थानीय राजश्वका स्रोतहरु स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रुपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने सैद्धान्तिक मान्यता रहेको छ । स्थानीय राजश्व परिचालन गर्दा करदाताको तिर्नसक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सबै करदातालाई समता अर्थात् न्यायोचित व्यवहार हुने, पारदर्शिता सुनिश्चितता रहेको, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पर्याप्त स्रोत परिचालन हुने तथा मितव्ययिता जस्ता पक्षहरुलाई पनि ध्यान दिनु पर्छ ।

जनताको माग र आवश्यकता बमोजिम शिक्षा, स्वास्थ्य, कृषि, पशुस्वास्थ्य, स्थानीय पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन,स्थानीय आर्थिक विकास र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने जनताको सबैभन्दा नजिक रहेको सरकारको रुपमा स्थानीय सरकारको परिकल्पना गरिएको हुन्छ । यसका लागि स्थानीय जनप्रतिनिधिले आफ्नो राजनैतिक आकांक्षा र जनतासँग गरिएको प्रतिवद्धता पुरा गर्न तथा जनताले महसुस गर्नेगरी सेवा प्रबाहमा सुधार गर्न साधन स्रोतको आवश्यकता हुन्छ र चुस्त, राम्रो एवम् प्रभावकारी प्रशासन चाहिन्छ । त्यस बाहेक स्थानीय सरकारले चाहेको स्थान वा विषयमा लगानी गर्न सक्ने स्वायत्तता समेत आवश्यक हुन्छ । आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैले लगाएको करबाट गर्ने पद्धति नै स्थानीय स्वायत्तता उपयोग गर्ने सर्वोत्कृष्ट उपाय हो । तसर्थ स्थानीय तहमा आन्तरिक आय परिचालन अपरिहार्य छ र यस्तो राजश्वको परिचालन दिगो, व्यवसायिक, कुशल र प्रभावकारी हुन पनि उत्तिकै जरुरी छ ।

## *१.२ राजश्व सुधार योजनाको औचित्यः*

स्थानीय तहको आन्तरिक आय परिचालनबाट स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न सहयोग पुग्ने मात्र नभई स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय वासिन्दाले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस बिषयमा नियमित रुपमा आफ्नो नगरपालिकासँग प्रश्न सोध्ने हुनाले स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी हुने वातावरण समेत सिर्जना हुन्छ । यसबाट स्थानीय सेवा प्रवाहमा सुधार हुने र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । साथै आन्तरिक स्रोतबाट परिचालित राजश्व खर्च गर्दा बाह्य शर्त नहुने र आफ्नो कानून बमोजिम खर्च गर्न सकिने हुँदा यसको मात्रा जति बढी भयो त्यति बढीमात्रामा स्थानीय तहले स्वायत्तता अनुभूति गर्दछन् । यसरी सरकारका तहले जति बढी स्वायत्ततापूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयताको अभ्यास सफल र सुदृढ हुँदै स्थानीय माग र आवश्यकता बमोजिम विकास हुने विश्वास गरिन्छ ।

स्थानीय तहको आन्तरिक स्रोत परिचालनको सन्दर्भमा ती निकायको क्षमता अभिबृद्धि अहिलेको प्रमुख र अपरिहार्य आवश्यकता हो । यस अन्तरगत संस्थागत क्षमता विकास, जनशक्ति व्यवस्थापन, नीतिगत र कानूनी सुधारका साथै सूचना तथा तथ्याङ्कीय प्रणालीमा समेत सुधार गर्न आवश्यक हुन्छ । त्यस बाहेक अधिकार क्षेत्रभित्रका उपलब्ध सबै आन्तरिक आयका संभाव्य स्रोतको विश्लेषण गरी

राजश्व परिचालन गर्ने वाताबरण सिर्जना गर्न पनि उत्तिकै अनिवार्य छ । त्यसैले राजश्व परिचालनका लागि सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजश्वको प्रक्षेपण गर्न राजश्व सुधार कार्ययोजना तर्जुमा गरिन्छ । यसबाट नगरपालिकालाई आफ्नो आन्तरिक आयमा सुधार गर्दै राजश्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्दछ ।

स्थानीय तहको राजश्व सुधार कार्ययोजना किन?

- राजश्वका सम्भावना, नागरिकको कर तिर्न सक्ने क्षमता र राजश्व प्रशासनको विश्लेषण गरी सुधारका उपायहरु पहिचान गर्न ।
- आन्तरिक आयका आधार, दायरा र दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्न ।
- व्यवसायमैत्री कर प्रशासनबाट स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकासका क्रियाकलापहरु लाई करको दायरामा ल्याउन आवश्यक मार्गदर्शन प्रदान गर्न ।
- स्थानीय तहले अपनाउनु पर्ने आय सुधारको कार्ययोजना तयार गरी आन्तरिक राजस्वमा सुधार गर्न ।
- आवधिक योजना अन्तरगतका योजनाहरुको कार्यान्वयन गर्नको निमित्त स्रोत सुनिश्चित गर्न ।
- बार्षिक बजेटलाई वढी यथार्थपरक, प्रभावकारी र उद्देश्यमूलक बनाउन ।
- स्थानीय तहको काम कार्यवाहीलाई अझै वढी पारदर्शी तथा नागरिक प्रति जिम्मेवार बनाउन ।

### *१.३ राजश्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु*

पुनर्वास नगरपालिकाको आन्तरिक राजश्वको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना र विद्यमान समस्याहरूको विश्लेषण गरि सुधारका क्रियाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ३ वर्षको राजश्व प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- नगरपालिकाको राजश्व अधिकार तथा सुधार योजना सम्बन्धमा नगर प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु, राजश्व परामर्श समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरू, वडा सचिवहरु, राजश्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखिकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आय तथा राजश्व संकलनको अवस्थाको विश्लेषण गर्ने ।

- आन्तरिक आयबृद्धिको लागि राजश्वका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजश्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने
- नगरपालिकाको आन्तरिक राजश्व बृद्धिका सम्भावनाहरू पहिचान गरि आगामी तीन वर्षको राजश्व प्रक्षेपण एवम् राजश्व सुधार रणनीति सहितको राजश्व सुधार कार्य योजना तयार गर्ने ।
- नगरपालिकाको विद्यमान राजश्वका श्रोतहरुको अध्ययन तथा विश्लेषण गरि वर्तमान ऐनको प्रावधान अनुसारका थप सम्भावनाहरुको खोजी गर्नु ।
- नगरपालिकाको विगत ३ वर्षको आन्तरिक राजश्वको प्रवृत्ति विश्लेषण गर्नु ।
- आन्तरिक राजश्व वृद्धिका लागि नगरपालिकाले गरेको प्रयास र लिएको निति तथा विद्यमान समस्या र चुनौति बारे विश्लेषण गर्नु ।
- नगरपालिकास्तर र वडा स्तरमा रहेका प्रमुख सम्भावनाहरुको बारेमा उजागर गर्नु ।
- विगत ३ वर्षको आन्तरिक राजश्व परिचालनको स्थिति र संभावित सम्भावनाहरुको आधारमा आगामी तीन वर्षहरुका लागि राजश्व सुधार कार्ययोजना तयार गर्नु ।

### *१.४ योजना तर्जुमा विधि र प्रकृया*

पुनर्वास नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण कार्य सम्पन्न गर्दा निम्न बमोजिमका विधि, प्रकृया तथा चरणहरु पुरा गरिएको थियो:

- अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । प्रतिवेदनका लागि आवश्यक सूचना नगरपालिकाको कार्यालयमा रहेका राजश्व शाखा, लेखा शाखा, योजना शाखा, प्रशासन शाखा लगायत अन्य शाखा र एकाइहरुबाट संकलन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसँग छलफल गरिएको थियो ।

  यस अन्तर्गत अध्ययन गरिएका सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अन्तरसरकारी वित्तीय हस्तान्तरण आ.व. २०७७।७८ (प्रदेश तथा स्थानीय तह), नेपाल सरकारको वजेट वक्तब्य, २०७५।७६, नेपाल सरकारको आर्थिक ऐन, २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, केही नेपाल संसोधन ऐन, २०७५, स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४, एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४, स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ आदि रहेका छन् । यसैगरी सुदुरपश्चिम प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरु नगरपालिकाले विगतका वर्षहरुमा अवलम्वन गरेको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएका नमूना कानूनहरु समेत अध्ययन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

- नगरपालिकामा प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न गाउँपालिका परिवारको लागि उपयुक्त समय तय भएपछि प्राविधिक परामर्शदाता टोली नगरपालिका पुगेको

थियो । नगरपालिकाका प्रमुख पदाधिकारीहरूसँग भएको छलफल र समझदारी अनुरुप मिति २०७९ जेठ २७ मा राजश्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि, गाउँपालिकाका शाखा प्रमुखहरू लगायत सहजकर्ता टोली समेतको सहभागिता रहेको थियो । सहभागीहरुको नामावली सहितको उपस्थिती माइन्युट तथा फोटो अनुसूची ३ मा राखिएको छ ।

- कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदाताहरु दुर्गानिधि शर्मा, डा. केदारचन्द्र भट्ट, गोकर्ण शर्मा, हिक्मत रोकाया, कमानसिंह विष्ट सहितको टिमले कार्यक्रमको सामान्य परिचय, कर तथा गैर कर सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजश्व अधिकार तथा राजश्व सुधार कार्ययोजनाको आवश्यकता र औचित्यका सम्बन्धमा विषयवस्तुको प्रस्तुति सहित सहजीकरण गर्नुभएको थियो । प्रस्तुतिकरणको प्रति अनुसूची ४ मा राखिएको छ । प्रस्तुतिकरण सत्र सम्पन्न भए पश्चात् सहभागीहरुलाई निम्न तीन समूहमा विभाजन गरी राजश्व सुधार कार्ययोजनाका आधारभूत विषयवस्तुमा छलफल गरी तयार पारिएको समूह कार्यलाई प्लेनरीमा प्रस्तुति र छलफल गरी निष्कर्ष सहित कार्यशालाको समापन गरिएको थियो ।

| समूह | समूह कार्यको शीर्षक/क्षेत्र |
|---|---|
| समूह १. | स्थानीय कर राजश्व सुधार योजना |
| समूह २. | गैरकर राजश्व सुधार योजना (नयाँ क्षेत्र समेत) |
| समूह ३. | राजश्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय) |

- अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित समितिले आवश्यक तथ्यांकहरू संकलन गरी प्राविधिक टोलीलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा अनुसुचि २ बमोजिमको फरम्याटमा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :
  - राजश्व प्रशासन तथा सूचना प्रवाह सम्बन्धी विवरण
  - गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
  - चालु वर्षको आर्थिक ऐन तथा बजेट
  - नगरपालिकाको वस्तुगत विवरण
  - कर्मचारी विवरण तथा संगठन संरचना (Organogram)
  - आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
  - आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- मूलतः विगत तीन वर्षको यथार्थ आय तथा नगरपालिकाको राजश्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा नगरपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ। यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९।८० देखि २०८१।८२) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय

अनुमान राजश्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

- यसरी सूचना संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई उपयुक्त विधि प्रयोग गरी विश्लेषण गरिएको छ । सूचना विश्लेषणको लागि तथ्यांकीय विधि तथा विषयगत विश्लेषण विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजश्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि विषयगत विश्लेषण विधि प्रयोगमा ल्याइएको छ भने राजश्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण गरी सुधारका उपाहरुको पहिचानका लागि तथ्यांकीय विधि प्रयोगमा ल्याइएको छ । राजश्व परिचालनको संस्थागत तथा नितिगत विश्लेषणका लागि स्थानीय तहको संगठनात्मक र जनशक्ति व्यवस्था, राजश्व प्रशासनसँग सम्बन्धित अभिलेख प्रणाली, अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली, दण्ड जरिवाना, गुनासो सुनुवाई, कर सम्बन्धी कानूनको परिपालना र लक्ष्य प्राप्तीको अवस्था, निजी क्षेत्रसँगको सहकार्य, करदाता शिक्षा र सहभागिता, संस्थागत संयन्त्रको कृयाशिलता र समन्वय एवम् कर तथा गैर करका क्षेत्रहरुको परिचालनको अवस्था जस्ता पक्षको विश्लेषण गर्नु पर्दछ ।
- राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपणः प्राप्त सूचनाको विश्लेषण र छलफल तथा अन्तरकृयाका आधारमा राजश्व परिचालनका संभावना र विद्यमान अवस्थाको विश्लेषणका आधारमा राजश्व सुधारका कृयाकलापहरु पहिचान गरिएको थियो । साथै यी कृयाकलापहरुको कार्यान्वयनलाई सुनिश्चित गर्न समय सीमा र जिम्मेवारी समेत निर्धारण गरी राजश्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको थियो । यसरी तयार गरिएको राजश्व सुधारको कार्ययोजना कार्यान्वयनबाट राजश्वमा पर्नसक्ने प्रभावका आधारमा नगरपालिकालाई आगामी तीन आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजश्वको प्रक्षेपण गरिएको थियो ।
- राजश्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजश्व संकलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यको लागि प्राप्त हुने राजश्वको प्रक्षेपण गरिएको छ । राजश्व प्रक्षेपणको लागि निम्न विधिहरु मध्ये राजश्वका स्रोतको उपलब्ध सूचनाको आधारमा उपयुक्त विधि प्रयोग गरि राजश्व प्रक्षेपण गरिएको छ :

  १. तथ्यांकीय आधार : करदाताको संख्या, करको दर तथा विद्यमान दायराको अवस्था सम्बन्धी सूचना उपलब्ध भएको शिर्षकमा यो विधि प्रयोगमा ल्याइएको छ । दायरा र दरमा हुने सुधारको आधारमा पनि राजश्व प्रक्षेपण गरिएको छ ।

  २. विगतको राजश्व बृद्धिदरको आधार : करदाता संख्या सम्वन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरुको लागि यो विधि प्रयोग गरिएको छ ।

  ३. सम्झौताको आधार : आम्दानी प्राप्त हुने गरी विगतमा संझौता भएका शिर्षकहरुको लागि संझौता रकमको आधारमा आय अनुमान गरिएको छ ।

  ४. लमसम बृद्धिदर : स्थानीय तहको नियन्त्रणमा नभएका र सम्झौता पनि नभएका स्रोतहरुबाट प्राप्त हुने आय अनुमानको लागि यो विधि प्रयोग गरिएको छ । जस्तैः नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघसंस्था बाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड आदि ।

  ५. अनुमान : कुनै आय स्रोत सम्बन्धी सूचना नभएको र स्थानीय तहको लागि विल्कुलै नयाँ स्रोत भएमा अनुमानको आधारमा प्रक्षेपण गरिएको छ ।

  ६. शुन्य प्रक्षेपणः आयको संभावना नभएका स्रोतहरु तथा राजश्व प्राप्त हुने एकीन नभएका स्रोतहरुको राजश्व प्रक्षेपण गर्दा शुन्य प्रक्षेपण गरिएको छ ।

- अन्तिम प्रतिवेदन तयारी र स्वीकृतिका सम्बन्धमा राजश्व सुधार कार्ययोजनाको दिग्दर्शन २०७६ ले निर्देशित गरे अनुसार उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित पालिका एवम् सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । सम्बन्धित पालिकामा मस्यौदा प्रतिवेदन पठाइ सम्बन्धित पालिकाबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्यांकीय कमजोरीहरुलाई सच्याउन सुझाव प्राप्त भएको थियो ।
  यसरी भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको छ । अन्तिम मस्यौदा प्रतिवेदन तयार भएपछि त्यस्तो मस्यौदामा सुझावका लागि नगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समन्वय समितिमा समेत पठाइ सुझाव लिएको छ । समन्वय तथा सहजीकरण समितिबाट प्राप्त भएका सुझावहरु समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । सहजताका लागि राजश्व सुधार कार्ययोजना तर्जुमाको सन्दर्भमा सम्पादन गरिने कृयाकलापहरुको श्रृंखला देहाय बमोजिम हुने व्यवस्था गरिएको छः
    - ❖ राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि निर्णय र समय सारिणी निर्धारण
    - ❖ योजना तर्जुमाको कार्यदल गठन
    - ❖ योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामाग्रीहरुको संकलन तथा अध्ययन
    - ❖ प्रारम्भिक कार्यशालाको आयोजना
    - ❖ सुभना तथा तथ्यांक संकलन एवम् विश्लेषण
    - ❖ राजश्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक प्रतिवेदन)
    - ❖ राजश्व सुधार कार्ययोजनाको मस्यौदा तयारी
    - ❖ राजश्व सम्भावना विश्लेषण र राजश्व प्रक्षेपण
    - ❖ मस्यौदाको पुनरावलोकन र सुझाव संकलन
    - ❖ अन्तिम मस्यौदा तयारी
    - ❖ कार्यपालिकाबाट स्वीकृति

## *१.५ योजनाका सीमाहरु*

नगरपालिकाको राजश्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन्:

• अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

• नगरपालिकाका आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।

• नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने बृद्धि, नगरपालिकाका सेवामा हुने बृद्धि र नागरिक संन्तुष्टिमा हुने बृद्धि, मूल्यांकन दरमा हुने बृद्धि तथा राजश्वका दरको

पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजश्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

• वि.सं. २०७१ मा पुनर्वास नगरपालिकाका रुपमा स्थापित यो नगरपालिका कमिक रुपमा अगाडी बढी रहेको छ । भरखरै विकास उन्मुख अवस्थामा रहेको, ऐन, नियम तथा कानून समयमै बन्न नसकेको अवस्था लगायत अन्य विविध प्राविधिक कारणहरुले गर्दा नगरपालिका पूर्ण रुपमा संस्थागत विकास हुन नसकेको अवस्था देखिन्छ । जसले गर्दा राजश्व सुधार कार्य योजना निर्माण सम्बन्धि आवश्यक सूचना तथा तथ्यांकहरु प्रयाप्त मात्रामा प्राप्त हुन सकेन । यि विविध प्राविधिक समस्या र चुनौतीका कारणले अध्ययनलाई पूर्ण तथ्यपरक र परिणात्मक बनाउन केही कमी भएको महसूस रह्यो ।

• वैज्ञानिक अध्ययनको मूल आधार उपलब्ध तथ्यांक र सूचनामा निर्भर रहन्छ । पर्याप्त र भरपर्दो तथ्यांकमा आधारित अध्ययन हुन सकेमा अध्ययन त्यति नै बढी वस्तुपरक र वैज्ञानिक हुन जान्छ । नगरपालिकाको प्रयासमा राजश्व सुधार कार्ययोजनाको निर्माण भएकोले कतिपय छुट हुन गएका र तयारीकै कममा रहेका तथ्यांकहरुको हकमा यस नगर राजश्व सुधार कार्ययोजनाको अध्ययनको मध्यावधि मुल्यांकनको अवधिसम्म संकलन गरी दस्तावेजमा मिलान गर्ने अपेक्षा राखिएको छ ।

# परिच्छेद – दुई : पुनर्वास नगरपालिकाको संक्षिप्त परिचय

## *२.१ नगरपालिकाको संक्षिप्त परिचय*

### ऐतिहासिक चिनारी तथा नामाकरण

कञ्चनपुर जिल्लाको दक्षिण–पूर्वी भेगमा अवस्थित पुनर्वास नगरपालिका साविकका परासन, त्रिभुवनवस्ती, कालिका र वाईसी विचवा गा.वि.स.गरी ४ वटा गा.वि.स. गाभिएर बनेको हो । नेपाल सरकार मन्त्रिपरिषदको २०७१।०१।२५ निर्णयबाट यो नगरपालिका गठन भएको हो । जिल्ला सदरमुकाम देखि २२ कोष टाढा सूदूर दक्षिणमा रहेको नगरपालिकाले आफ्नो ऐतिहासिक भौगोलिक, राजनैतिक, सामाजिक र धार्मिक महत्व बोकेको छ । वि.सं.२०२८ सालमा तत्कालिन नेपाल पुनर्वास कम्पनी लि. द्धारा व्यवस्थित रुपले बसोबास गराईएको हुंदा सोही समय देखि नै यस क्षेत्रलाई पुनर्वास क्षेत्र भनिएको हो । यस क्षेत्रमा नेपाल पुनर्वास कम्पनीद्धारा वस्ती विकास गरी बसोबास गराउनु पूर्व अधिकांश आदीवासी राना थारुहरु नदी किनारमा बसोबास गर्ने गरेको स्थानीय जानकारहरु बताउंछन् । वि.सं.२०२४ सालमा विचफाँटाबाट बसोबास सुरु भै वि.सं.२०२८ सालमा पुनर्वास कम्पनीद्धारा रामवस्ती, त्रिभुवनवस्ती, बुद्धवस्ती, जनकवस्ती, सितावस्ती, मोतिवस्ती, भानुवस्ती, अरनिकोवस्ती, वीरवलभद्रवस्ती नामाकरण गरि गाउंहरु बसाईएको थियो । त्यस वेला प्रत्येक पुनर्वासवासीहरुलाई कम्तिमा चारकट्टा र वढीमा तीन विगाह सम्म जमीन उपलब्ध गराईएको थियो । योजनाबद्ध तरिकाले बसोबास गरिएकोले यहाको सडकहरु सिधा रेखामा तथा चौडा रहेका छन ।

### राजनीतिक विभाजन

कुल ११ वटा वडाहरुमा विभक्त यो नगरपालिका राजनैतिक विभाजन अनुसार कञ्चनपुर जिल्लाको संसदीय निर्वाचन क्षेत्र नं. १ र २ मा पर्दछ । साविकमा परासन, त्रिभुवनवस्ती र कालिका गा.वि.स.मा विभक्त यो नगरपालिका तत्कालिन ईलाका नं. २ र ३ गरी दुईतर्फ विभाजित थियो । वडा विभाजन र वडा अनुसार जनसंख्याको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

| वडा नं. | साविक गा.वि.स/न.पा | साविक वडानं. | जनसंख्या | मतदाता संख्या | क्षेत्रफल-व.कि.मि(. |
|---|---|---|---|---|---|
| १ | पुनर्वास नगरपालिका | १४,१५ | ६७१४ | ३५८३ | १०३.७१ |
| २ | पुनर्वास नगरपालिका | ११,१३ | ६,४०४ | ३२१८ | |
| ३ | पुनर्वास नगरपालिका | १२ | २,२२३ | १०३९ | |
| ४ | पुनर्वास नगरपालिका | ८ | ३,६११ | २००५ | |
| ५ | पुनर्वास नगरपालिका | ९,१० | ६,२८३ | ३३४४ | |
| ६ | पुनर्वास नगरपालिका | ६ ,७ | ४२७४ | २६४९ | |
| ७ | पुनर्वास नगरपालिका | ५ | २,८५१ | १४०८ | |
| ८ | पुनर्वास नगरपालिका | २,४ | ४,४५० | २३८१ | |
| ९ | पुनर्वास नगरपालिका | १,३ | ७,१२६ | १९६९ | |
| १० | वाईसी विचवा | ५,६ | ४,७९७ | २१११ | |
| ११ | वाईसी विचवा | ७,८ र९ | ४,८४० | २२६२ | |
| **जम्मा** | | | **५३,६३३** | **२५९६९** | |

श्रोतः पुनर्वास नगरपालिकाको नगर प्रोफाइल, २०७५

**अवस्थिती:** यस पुनर्वास नगरपालिकाको पूर्वमा कैलाली जिल्ला र भारतको उत्तर प्रदेश अन्तर्गत दुधुवा नेशनल पार्क, पश्चिममा बेलौरी नगरपालिका, उत्तरमा लालझाडी गाउँपालिका र कृष्णपुर नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेश अन्तर्गतका सिमाना रहेका छन् । २८ डिग्री ३६.३५ मिनेट उत्तरी अक्षांश देखि २८ डिग्री ४३.३७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २२.५० मिनेट पुर्वी देशान्तर देखि ८० डिग्री ३०.२० मिनेट पुर्वी देशान्तरसम्म फैलिएको छ ।

धरातलीय अवस्था, भू उपयोग: स्थानीय वासीका अनुसार मुख्य पेशा कृषि रहेको यस नगरपालिकामा अधिकांश खेतियोग्य जमिन समथर रहेको, बलौटे र चिम्ट्याईलो माटो पाईन्छ । यहाँको मुख्यबालीका रुपमा खाद्यान्न, तेलहन, दलहन र उखु रहेका छन् । अहिले कृषिपेशालाई आधुनिकीकरण गर्दै बेमौसमि तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाईन्छ ।

**क्षेत्रफल:** यस नगरपालिकाको क्षेत्रफल १०३.७१ वर्ग कि.मि.रहेको छ ।

**हावापानी:** उष्णप्रदेशीय हावापानी पाईने यस नगरमा वैशाख, जेष्ठ महिनामा अधिकतम तापक्रम ४३$^{o}$ सेल्सियस सम्म पुग्छ भने पुस माघ महिनामा न्यूनतम तापक्रम ५.६$^{o}$ सेल्सियससम्म झर्दछ । यस नगर क्षेत्रमा साउन-भदौ महिनामा अधिक वर्षा हुने गर्दछ ।

**प्राकृतिक श्रोतहरु:** यस पुनर्वास नगरपालिका क्षेत्र भएर बग्ने मुख्य नदी तथा खोलाहरुमा दोदा नदी र कुर्सानाला पर्दछन् । भने ताल तलैयाहरुमा साना ठूला लगाएत ९ वटा तालहरु यस नगरपालिकामा रहेका छन् । जस मध्ये प्याराताल, नैनी ताल, गंगाला ताल, पुरैया ताल यस क्षेत्रका मुख्य तालहरु हुन । यी तालहरुमा सफा तथा प्राकृतिक पानी, जलचरहरु लगायत माछाहरु पाईने गर्दछ । यसका साथसाथै यी तालहरुले अन्य विकास सम्भावनाहरु जस्तै: पर्यटन, आयआर्जन, सिंचाई लगायतको पनि सम्भावना बोकेको देखिन्छ ।

**जनसंख्या:** स्थानीय तह पुर्नसंरचनाको तथ्यांक अनुसार पुनर्वास नगरपालिकाको कुल जनसंख्या ५३,६३३ रहेको थियो भने क्षेत्रफल १०३.७ वर्ग किलो मिटर रहेको छ । नगरपालिकाको वस्तुगत तथ्यांक २०७५ अनुसार नगरपालिकाको कुल जनसंख्याको ७०,४३४ रहेको छ, जसमा महिलाको जनसंख्या ३४,६२२ अर्थात ४९ प्रतिशत र पुरुषको जनसंख्या ३५,८१२ अर्थात ५१ प्रतिशत जनसंख्या रहेको छ । घरपरिवारको औसत जनसंख्या हेर्दा वडा नम्बर ३ र १० मा ५ जना औसत परिवारसंख्या प्रतिघर रहेको छ भने अन्य वडाहरु (१, २, ४ देखि ९ र ११) मा औसत घरपरिवार संख्या ६ जना रहेको छ । पुनर्वास नगरपालिकाको वस्तुगत तथ्यांक, २०७५ अनुसार १७ जातजातिहरुको पहिचान भएका छन्, जसमा थारु चौधरी, ब्राह्मण, क्षेत्री, ठकुरी, दलित, तामाङ, मगर र गुरुङ्ग मुख्य जातजातिहरु रहेका छन् । नगरपालिकाको जनसंख्या मध्ये सबैभन्दा बढी २०,८२२ अर्थात २९.५६ प्रतिशत बसोबास क्षेत्रीहरुको रहेको छ, त्यसैगरी १७,९६२ अर्थात २५.५० प्रतिशत दलितहरुको जनसंख्या रहेको छ ।

**पर्यटन:** नेपाल सामाजिक, सांस्कृति, भौगोलिक र वन वनस्पतीमा विविधतापूर्ण राष्ट्र भएका कारण विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित छ । ८००० मि. भन्दा अग्ला हिमालका चोटी देखि समुद्री सतह देखि ७२ मि.सम्मको समथर भूमि पनि यहाँ नै रहेको छ । त्यसैले प्राकृतिक सौन्दर्यताका साथै सामाजिक साँस्कृतिक रुपमा पनि धनी यस राष्ट्रमा पर्यटनका अनेक सम्भाव्यताहरु रहेका छन् । त्यसैले नेपाल सरकारले भिजन २०२० को योजनामा २० लाख पर्यटकहरु नेपाल भित्र्याउने लक्ष्यपनि राखेको छ । साथै पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ । यी उद्देश्य पूरा गर्नका लागी स्थानीय सरकारको पनि अहम भूमिका देखिन्छ । पुनर्वास नगरपालिकासँग पनि अनेकन धार्मिक, पर्यावरणीय पर्यटन स्थलहरु रहेका

छन् । यहाँका प्राकृतिक तथा सांस्कृतिक धार्मिक पर्यटकीय स्थलहरुले आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्न सक्दछ । तर यसका लागी नगरपालिकासँग उचित पर्यटन प्रवर्द्धन रणनीति हुन जरुरी छ ।

**पेशागत अवस्थाः** यस नगरपालिकामा पेशागत रुपमा जनसंख्याको विवरण हेर्दा कुल जनसंख्याको ४२०३५ अर्थात ६२.५२ प्रतिशत मानिसहरु कृषिपेशामा आवद्ध रहेका छन्, त्यसैगरी ११७५९ अर्थात १७.४९ प्रतिशत जनसंख्या वैदेशिक रोजगारीमा विभिन्न देशहरु जस्तैः भारत, मलेशिया, दुवै, कतार र भारतीय सेनामा रहेका छन् र कुल जनसंख्याको ७४७९ अर्थात ११.१२ प्रतिशत जनसंख्या श्रमिकका रुपमा विभिन्न कामहरु जस्तैः सवारी चालक, सह सवारी चालक, प्लम्बर, सिकर्मी, डकर्मी, मेकानिक्स, रंगलगाउने र अन्य घरायसी काममा आवद्ध रहेको देखिन्छ । त्यसैगरी सबैभन्दा कम अर्थात कुल परिवारका सदस्य मध्ये ४२९ अर्थात ०.६४ प्रतिशत मानिसहरु उद्योग, होटल र पसल व्यवसायमा संलग्न छन् ।

**आर्थिक अवस्थाः** १५ औ आवधिक योजनाको आधारपत्र अनुसार ६० प्रतिशत मानिसहरु अहिलेपनि कृषिपेशामा आवद्ध रहेको पाईन्छ । जसले नेपालको कुल ग्राहस्त उत्पादनको २७ प्रतिशत योगदान दिएको देखिन्छ । पुर्नवास नगरपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार ६२.५२ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न भएको देखिन्छ । तरअधिकांशले कृषिपेशालाई व्यवसायिकमूलक भन्दा पनि निर्वाहमुखिका रुपमा गर्दै गरेको देखिन्छ । त्यसैले औसत आम्दानीको विवरण हेर्दा नगरपालिकाका कुल घरधुरी १२००१ मध्ये ४७ प्रतिशत घरपरिवारको वार्षिक औसत रु. १ लाख भन्दा कम आम्दानी भएको देखिन्छ, १ लाख देखि ३ लाख सम्म वार्षिक आम्दानी भएको परिवारको संख्या २५ प्रतिशत रहेको छ, त्यसैगरी रु.३ लाख देखि ५ लाख सम्म आम्दानी हुने घरपरिवार १८ प्रतिशत छन्, ५ देखि ७ लाख आम्दानी गर्नेमा ७ प्रतिशत घरपरिवार छन् भने ७ लाख भन्दा वढी वार्षिक आम्दानी गर्ने घरपरिवार ३.१ प्रतिशत रहेको देखिन्छ । समग्रमा यस नगरपालिकामा १००० अमेरिकी डलर भन्दा कम वार्षिक आम्दानी गर्ने परिवारको संख्या अत्यधिक देखिन्छ ।

**भुउपयोगः** यस नगरपालिकामा कुल घरपरिवार मध्ये १८३६ अर्थात १५.३० प्रतिशत घरपरिवारसँग खेतीयोग्य जमिन नभएको पाईयो । खेती योग्य जमिन भएको परिवार मध्ये ७९६२ घरपरिवारमा जमिनको स्वामित्व पुरुषको रहेको छ, १४१२ घरपरिवारमा महिलाको स्वामित्वमा छ भने ९६ घरपरिवारमा संयुक्त स्वामित्व रहेको छ । त्यसैगरी ६५७४ घरपरिवारसँग खेतीपातीका लागी खेत रहेको छ, १४५८ परिवारसँग पाखोवारी र ११३५ घरपरिवारसँग ऐलानी जमिन रहेको छ ।

**कृषि तथा पशुजन्य उत्पादनः** पुनर्वास नगरपालिका तराईक्षेत्र भएका कारण पनि यस क्षेत्रमा कृषि वाहेक पनि आयआर्जनका अन्य सम्भावना पनि रहन्छन् त्यसकारण खाद्य संकटकै अवस्था भने त्यति आउदैन । यस नगरपालिकाको कुल घरपरिवार मध्ये ५६१४ अर्थात ४६.७८ प्रतिशत घरपरिवारलाई आफ्नो खेतीबाट १२ महिना सम्म नै पुग्ने गरेको छ । त्यसैगरी १६६२ अर्थात १३.८५ प्रतिशत घरपरिवारलाई १२ महिनासम्म खानपुगी बेच्न सहित पुग्ने गरेको तथ्यांकले देखाउँछ भने २१.५ प्रतिशत घरपरिवारलाई आफ्नो खेतीपातीले ३ महिना भन्दा कम पुग्ने गरेको देखिन्छ । बाँकी महिनाका लागी यी घरपरिवारले अन्य जिविकोपार्जनका कार्यहरु गरेको देखिन्छ। यस नगरपालिकाको मुख्य उत्पादन धान, मकै, गहुँ, उखु, आलु, दलहन, तेलहन तथा तरकारी मुख्य कृषि रहेका छन् । त्यसमध्ये पनि सबैभन्दा बढी धान उत्पादन हुने गरेको छ भने दोस्रोमा गहुँ उत्पादन हुने गरेको छ । धान ९०५८०० केजी, गहुँ ८६५८०० केजी, मकै २७५०० र उखु १३१३०० उत्पादन वार्षिक हुने गरेको पाइएको छ । सबैभन्दा कम उत्पादन मकै र कोदो हुने गरेको देखिन्छ । यस नगरपालिकामा रहेका कुला १२००१ घरपरिवारमा पशुपंक्षीहरुको विवरण र तीनबाट हुनेगरेको उत्पादनका तथ्यांक लिने क्रममा सबैभन्दा वढी २१३३५ वटा बाखा भेडाको संख्या रहेको पाईयो, त्यसैगरी १७२३४ वटा कुखुराहरु रहेको पाईयो । गाई गोरु र भैसी रागाको संख्या क्रमशः ८३८७ र ६३९१ रहेको पाईयो ।

यी पशुपंक्षीहरुबाट मासु, दुधजन्य चिजहरु उत्पादन भएको देखिन्छ । मासु वार्षिक ३२०९९८२ के.जि., दुध ५६३४३३८ लिटर, अण्डा १३७८८२ गोटा र उन १२ के.जी. उत्पादन हुने गरेको पाईन्छ ।

यस नगरपालिकामा सिंचाइको असुविधा रहेको छ । यहां अधिकास क्षेत्रमा नदी नालाहरुको कमि देखिन्छ । धेरै कम मात्रामा वोरिङबाट सिंचाईको सुविधा उपलब्ध भएको देखिन्छ । नगरपालिका भित्र सबै वडामा सिंचाईको सुविधा पुगेको देखिदैन । धेरैजसोले खेती हुने समयमा मात्र प्रयोग गर्ने गरेर वोरिङबाट सिंचाई गर्ने गरेको देखिन्छ । कम्तीमा पनि ११ वटै वडाका खेतहरुमा मात्र पनि सिंचाईको सुविधा पुग्ने हो भने अहिले भईरहेको उत्पादनमा दोब्बर गर्न सकिन्छ । यस नगरपालिकाभित्र बाह्रै महिना सिंचाई गर्नका लागी उपयोग भईरहेका नदी दोंदा र खोल्सा हुन । यी नदी तथा खोल्साले पनि केही वडालाई मात्र सिंचाईको सुविधा दिईरहेको छ ।

**व्यापार व्यवसायः** पुनर्वास नगरपालिकामा नगर प्रोफाइलमा उल्लेख भए अनुसार विभिन्न प्रकारका व्यवसाय तथा व्यापार दर्ता भएको पाईयो । जसमा चिया पसल देखि लिएर कृषि व्यवसाय फर्महरु पनि रहेका छन् । जानकारी अनुसार ११२० वटा व्यवासायहरु संचालनमा रहेका देखिन्छन् भने नगरपालिकाको विवरण हेर्दा जम्मा १७० वटा व्यवसाय मात्र दर्ता भएको देखिन्छ । त्यसकारण नगरपालिकाले साना ठूला सवै प्रकारका व्यवसायीलाई नगरपालिकामा दर्ता गर्नका लागी सम्वन्धित वडाबाट पहल गर्नुपर्ने देखिन्छ ।

**यातायातः** नगरपालिकाका सबै वडामा सडकहरुको विस्तार भईसकेको छ । तर ती सडकहरु कालोपत्रे हुन भने बाँकी रहको देखिन्छ । नगरपालिकामा विभिन्न यातयातका साधनको आवागमन हुने देखिन्छ । मुख्यतया यस नगरपालिका भित्र मिनि वस, ट्याक्टर, जीप, मोटरसाईकल, साईकल, अटा रिक्साहरु चल्ने गरेको पाईन्छ । प्राय जसो मानिसले दैनिक कामकाजका लागी साईकलको प्रयोग गर्ने गरेको पाईन्छ । यस नगरपालिकामा सडक संञ्जालको पहुँच राम्रो देखिन्छ । समथर भूमि भएको तथा योजनाबद्ध तरिकाबाट बसोवास गराईको कारण थोरै लागतमा पनि सडक विस्तार गर्न सकिन्छ । तर मुख्य सडकका रुपमा रहेको धनगढी - पुनर्वास - बेलौरी - महेन्द्रनगर सडकहरु भने हाल सम्म पनि पक्की हुन सकेका छैनन् जसले गर्दा यहाँका वासिन्दाहरुलाई सदरमुकाम सम्म आवागमन गर्नका लागी वढी समयलाग्ने गरेको पाईन्छ भने वर्षायाममा यात्रामा सास्ती भोग्नुपर्ने हुन्छ । त्यसैले नगरपालिकाले यी मुख्य सडकको स्तरोन्नतिका लागी सम्वन्धित निकायसँग पहल गर्नुपर्ने देखिन्छ । पुनर्वास नगरपालिका भित्रमा पुनर्वास वसपार्क र सिद्धेश्वर वसपार्क लगाएर दुईवटा वसपार्कहरु रहेको देखिन्छ । अन्य स्थानको हकमा भने सडकको वरीपरी नै गाडी, मोटरहरु पार्कीङ गर्ने गरेको देखिन्छ ।

**विद्युत, संचारः** नगरपालिकाको कुल घरपरिवार संख्यामा ९४.९७ प्रतिशत घरपरिवारले वत्ति वाल्न विजुली प्रयोग गर्ने गरेको देखिन्छ, त्यसपछि क्रमशः सोलार, मट्टितेल, वायोग्याँस र अन्य स्रोतको प्रयोग गरेको पाईन्छ । नगरपालिकामा राष्ट्रिय प्रसारण लाईनबाट नै नगरवासीहरुले विजुलीको सेवा प्राप्त गरिरहेका छन् । नगरपालिकामा एउटा हुलाक कार्यालय रहेको छ भने स्थानीय र राष्ट्रिय पत्र पत्रिकाहरु आउने गर्दछन् । स्थानीय पत्रिकामा मुख्यतया हेलो पुनर्वास, पुनर्वास पोष्ट, पश्चिम नेपाल, अभियान र जनक्रान्ति रहेका छन् भने राष्ट्रिय पत्र पत्रिकामा कान्तिपूर दैनिक, नागरिक आवाज आउने गर्दछ र गोरखापत्र भने कहिले काहीमात्र आउने गर्दछ ।

पुनर्वास र पुनर्वास नगरपालिका क्षेत्र हेर्ने गरेर पुनर्वास नगरपालिकामा दूर संचार कार्यालय रहेको छ । दुर संचार कार्यालय पुनर्वासका अनुसार नेपाल टेलिकमले जि.एस.एम प्रिपेड, पोष्टपेडका र स्काई मोवाईल सेवाहरु उपलब्ध गराउदै आएको छ भने एनसेल, स्मार्ट फोनले पनि सेवा दिदै आएको छ । नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । पुनर्वास नगरपालिका भित्र

NCell र NTC भि इन्टरनेट सेवा उपलब्ध गराउदै आईरहेका छन् । विभिन्न केवल नेटवर्क तथा होमडिस मार्फत नगरपालिकाका नागरिकहरुले विभिन्न किसिमका समाचारका साथै मनोरञ्जनात्मक कार्यक्रम हेर्ने मौका पाएका छन् । PSTN अथवा Landline का सेवाग्राहीहरु जम्मा ३१४ वटा रहेका छन् भने उक्त लाईन मध्ये २५२ वटा ग्राहकले ए.डी.एस.एल सेवा लिईरहेको पाईयो । त्यसैगरी पुनर्वासमा २ वटा मोवाईल टावर रहेको छ ।

**शिक्षा, स्वास्थ्यः** शिक्षालाई अझै व्यवहारिक तथा सिपमुलक बनाई जिवनोपयोगी बनाउनका लागी संविधानले शैक्षिक क्षेत्रको पूर्वाधार विकास, व्यवस्थापकीय, नीति तथा कार्यक्रम बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने अधिकार स्थानीय तहलाई दिईएको छ । सो अधिकार बमोजिम हाल नगरपालिकाले शिक्षा नीति, कार्यक्रम बनाई कार्यान्वयन गर्दै आईरहेको छ । यस पुनर्वास नगरपालिकामा आर्थिक वर्ष २०७५/७६ सम्म संचालनमा रहेका सामुदायिक तथा नीजि विद्यालयको संख्या ८५ रहेको छ । जसमध्ये वालविकास केन्द्र २०, आधारभूततह ४०, मावितह २२ र क्याम्पस ३ रहेका छन । सामुदायिक तथा संस्थागतको अवस्था हेर्दा ४० वटा आधारभुत विद्यालय र २२ माध्यमिक विद्यालय गरेर जम्मा ३२ वटा सामुदायिक विद्यालयहरु र ३० वटा नीजि विद्यालयहरु रहेका छन् । साथै तनिवटा क्याम्पसहरु पनि संचालनमा रहेका छन् । सामुदायिक विद्यालयहरुमा जम्मा १७८७ जना शिक्षक/शिक्षिकाहरु अध्यापन गराईरहेका छन् । त्यस्तै ३२ जना कार्यालय सहयोगी तथा १२ जना लेखा सहयोगी कार्यारत रहेको देखिन्छ । जसमा स्वीकृत दरवन्दीमा स्थायी १०९, अस्थायी ३७ रहेका छन भने, राहतमा ७५, अनुदानमा १२ जना शिक्षण गरिरहेका छन । वालविकास तर्फ ५५ जना सहजकर्ता र अनौपचारिक तर्फ २ जना कार्यरत रहेको देखिन्छ ।

यस नगरपालिकाको शैक्षिक अवस्था हेर्दा पढन र लेख्न नसक्नेको संख्या १५२४० अर्थात २१.६४ प्रतिशत लेख्न नसक्नेको संख्या १४४ अर्थात ०.२० प्रतिशत रहेको छ । आधाभुत तहको संख्या ३९१३७, मावितहको संख्या ११७६३ छ भने उच्च शिक्षा हांसिल गरेको संख्या ४१५० रहेको पाईन्छ ।

नगरपालिका भित्र २ वटा शहरी स्वास्थ्य केन्द्र, ३ वटा स्वास्थ्य चौकी, ० प्राथमिक स्वास्थ्य चौकी र १ आयुर्वेद औषधालय रहेको छ । पुनर्वास नगरपालिका अर्न्तगत रहेका प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक स्वास्थ्य सेवा सुविधा रहेको छ । त्यसैगरी ३ वटा स्वास्थ्य चौकीहरुमा एम्वुलेन्सहरु रहेका छन् जसले गर्दा विरामीहरुलाई छिटो छरितो स्वास्थ्य संस्थासम्म पुग्नका लागी सुविधा पुगेको छ र रिफर गर्नुपर्ने विरामीहरुलाई स्वास्थ्य जोखिम पनि न्युन हुने गरेको छ । सुरक्षित सुत्केरीका लागी दक्ष स्वास्थ्य कर्मीहरुबाट सुत्केरी सेवा उपलब्ध होस् र मातृशिशु मृत्युमा कमी होस् भन्ने उद्देश्यका साथ नगरपालिका भित्र रहेका ३ वटै स्वास्थ्य चौकीहरुमा वर्थिङ सेन्टरहरु रहेका छन् जसले गर्दा दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामा नै शतप्रतिशत सुत्केरी हुने गरेको पाईन्छ ।

**बैंक, वित्तीय संस्था एवम् सहकारीः** पुनर्वास नगरपालिका भित्र ४ प्रकारका बैंक तथा वित्तिय संस्थाहरु रहेको छ । जसमध्ये २ वटा विकास बैक, १ वाणिज्य बैंक र १ बचत बैकहरु रहेका छन् । जसले गर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई विभिन्न व्यवसायका लागी सजिलै ऋण प्राप्ती गर्न, लघुकर्जाहरुको सुविधा भएको छ भने वचत गर्ने वानीको विकास पनि भएको पाईन्छ ।

**खानेपानी सुविधाको अवस्थाः** खानेपानी तथा सरसफाई सेवा आधारभुत मानव अधिकारको रुपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रुपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ । चौधौ आवधिक योजना अनुसार हाल खानेपानी सेवाको संरचना पुगेको जनसंख्या ८३.६ प्रतिशत रहेको छ । अझैपनि वर्षेनी पानीजन्य रोगबाट ग्रामीण भेगमा मृत्यु हुनेको संख्या अधिक रहेको छ । तराई क्षेत्रमा जमिनमुनि थोरै सतहमा पानी निस्कने भएतापनी पिउनयोग्य पानीमा भने अझै कमै नागरिकहरुको पहुँच पुगेको देखिन्छ । यस पुनर्वास नगरपालिकामा ७८ प्रतिशत मानिसहरुले अहिले सम्म ट्युवेल वा हातेपम्पबाट पानीको प्रयोग गरिरहेका छन् भने जम्मा १९.३२ प्रतिशत मानिसले मात्र खानेपानीको सेवा धाराबाट लिईरहेको पाईयो । स्वास्च्छ खानेपानीको प्रयोग गर्ने परिवार संख्या वडा नं.१ मा वढी रहेको पाईन्छ

। नगरपालिकाको केन्द्र र पुरानो बजार भएका कारण वार्ड नं. २ मा धारा, पाईपबाट पनि खानेको संख्या १३४३ रहेको जो अरु वार्डहरु भन्दा बढी छ ।

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

नगरपालिका सञ्चालनका लागि नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत सहित २२ सदस्यीय कार्यपालिका रहेको छ भने कर्मचारीतर्फ २०७९ जेठ मसान्तमा विभिन्न प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न तहका ७५ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । कर्मचारी संरचना सम्बन्धी थप विवरण तालिका १ मा प्रस्तुत गरिएको छ :

तालिका १ : पुनर्वास नगरपालिकाको दरवन्दि चार्ट



| क.सं. | पद नाम | तह/श्रेणी | सेवा समूह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प. द्वितीय | प्रशासन, सा.प्र. | १ | |
| २ | शिक्षा अधिकृत | ९ | शिक्षा, शिक्षा प्रशासन | १ | |
| ३ | शिक्षा अधिकृत | ७ | शिक्षा, शिक्षा प्रशासन | १ | |
| ४ | स्वास्थ्य अधिकृत | ७ | स्वास्थ्य/ जनस्वास्थ्य | १ | |
| ५ | अधिकृत | ६ | प्रशासन, सा.प्र. | २ | |
| ६ | इन्जिनीयर | ६ | इन्जि/सिभिल | २ | |
| ७ | पशु विकास अधिकृत | ६ | कृषि/ पशु सेवा | १ | |
| ९ | स्वास्थ्य निरीक्षक | ६ | स्वास्थ्य/नर्सिङ्ग | २ | |
| १० | सव-इन्जिनीयर | ५ | इन्जि/सिभिल | ५ | |
| ११ | महिला विकास निरीक्षक | ५ | विविध/म. वि. | २ | |
| १२ | लेखापाल | ५ | प्रशासन/लेखा | १ | |
| १३ | सर्वेक्षक | ५ | इन्जि/सर्भे | १ | |
| १४ | कम्प्युटर अपरेटर/स. क.अ. | ४/५ | विविध/कम्प्युटर | २ | |
| १५ | प्राविधिक सहायक | ५ | शिक्षा/शिक्षा प्र. | १ | |
| १६ | हेल्थ असिष्टेन्ट | ५ | स्वास्थ्य/स्वा. नि | ६ | |
| १७ | अ.हे.व. | ५ | स्वास्थ्य/स्वा. नि | ६ | |
| १८ | सि. अ.न. मि. | ५ | स्वास्थ्य/नर्सिङ्ग | ३ | |
| २५ | सहायक | ५ | प्रशासन, सा.प्र. | ७ | वडा सचिव ५ |
| १९ | अ.न. मि. | ४ | स्वास्थ्य/नर्सिङ्ग | ६ | |
| २१ | सहायक | ४ | प्रशासन, सा.प्र. | ८ | वडा सचिव, ६ |
| २२ | असिष्टेन्ट सव इन्जिनीयर | ४ | इन्जि/सिभिल | ५ | |
| २३ | सहायक म.वि निरीक्षक | ४ | विविध/म. वि. | १ | |
| २४ | सह-लेखापाल | ४ | प्रशासन /लेखा | १ | |
| २६ | नायव प्राविधिक सहायक | ४ | कृषि/कृषि प्रसार | १ | |
| २७ | नायव प्राविधिक सहायक | ४ | कृषि/पशुसेवा | १ | |
| २८ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन, सा.प्र. | ५ | |
| २९ | कुचीकार | तह विहिन | प्रशासन, सा.प्र. | ३ | |
| जम्मा | | | | ७५ | |

## *२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था*

नगरपालिकाका मुख्य भौतिक सम्पत्तिमा साविक परासन गाविस, त्रिभुवनबस्ति गाविस, कालिका गाविस र पुनर्वास नगरपालिकाको नाममा तथा पशुसेवा कार्यालय त्रिभुवनबस्ति, कृषिसेवा केन्द्र त्रिभुवनबस्ति र वडा नं. ४ वडा समितिको नाममा रहेको ८ कित्ता जग्गा रहेको छ। विभिन्न १५ वटा भवन मध्ये ५ वटा मर्मत गर्नुपर्ने अवस्थामा रहेको छ।

तालिका २: पुनर्वास नगरपालिकाको मुख्य भौतिक सम्पत्ती विवरण:

| क.सं. | विवरण | एकाई | जम्मा परिमाण | प्रयोगमा रहेको | प्रयोगमा नरहेको |
|---|---|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | सेट | ३९ | २९ | |
| २ | ल्यापटप | थान | ५१ | ३४ | |
| ३ | प्रिन्टर | थान | ८३ | ५४ | १२ |
| ४ | प्रोजेक्टर | थान | ६ | ५ | ० |
| ५ | क्यामेरा | थान | ६ | ३ | ३ |
| ६ | मोटरसाइकल तथा स्कुटी | थान | २६ | २४ | २ |
| ७ | टाटा जिप | थान | २ | २ | ० |
| ८ | टिप्पर | थान | १ | १ | |
| ९ | रोड रोलर | गोटा | १ | १ | |
| १० | भवन | गोटा | १५ | १० | |
| ११ | दमकल | थान | १ | १ | |
| १२ | भ्याकु लोडर | थान | १ | १ | |
| १३ | महिन्द्रा टेक्टर ट्ली | थान | १ | १ | ० |
| १४ | एमबुलेन्स | थान | १ | १ | ० |

# परिच्छेद तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ। यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजश्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ।

अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरुप अनुसूची ६ र ८ मा दोहोरा पर्न गएका घरजग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यवस्था मिलाएको छ। यस व्यबस्था अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानून बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानून बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफुले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने हुन्छ। साथै सोही ऐनले मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क बापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको अनुदान सिफारिस गर्दा निम्न बमोजिमका आधारहरु लिने व्यवस्था गरिएको छ :

१) जनसंख्या र जनसांख्कि विवरण

२) क्षेत्रफल

३) मानव विकास सुचकांक

४) खर्चको आवश्यकता

५) राजश्व संकलनमा गरेको प्रयास

६) पुर्वाधार विकास

७) विशेष अवस्था

त्यस्तै नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने वित्तीय समानिकरण अनुदानका लागि नेपाल सरकार तथा प्रदेश सरकारलाई सिफारिस गर्दा प्राकृतिक श्रोत तथा वित्त आयोगले निम्न बमोजिमका आधारमा गर्नुपर्ने व्यवस्था गरेको छः

क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सुचकांक

ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था

ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिकसामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था

घ) प्रदेश तथा स्थानीय तहको पुर्वाधार विकासको अवस्था र आवश्यकता

ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुर्‍याउनुपर्ने सेवा

च) प्रदेश तथा स्थानीय तहको राजश्वको अवस्था र उठाउन सक्ने क्षमता

छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता

स्थानीय तहले संघ र प्रदेशबाट पाउने अनुदानका अलावा संविधानको अनुसुचि ८ र ९ बमोजिमका कर तथा गैरकर राजश्व संकलन गरि नियमानुसार बाँडफाँट गर्ने र श्रोतको व्यवस्था गर्ने प्रावधान छ। संविधान र ऐन कानुन बमोजिम स्थानीय तहले संकलन गर्न पाउने राजश्व सम्बन्धि विस्तृत विवरण तल उल्लेख गरिएको छः

## *३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था*

**संविधानको व्यवस्थाः** नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको राजश्व अधिकार अन्तरगत स्थानीय तहले सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्दछन् । त्यसैगरी गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्दछन् । राजश्व अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| संघको अधिकार | प्रदेशको अधिकार | स्थानीय तहको अधिकार | साझा अधिकार |
|---|---|---|---|
| • भन्सार<br>• अन्तशुल्क<br>• मुल्य अभिबृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवाशुल्क दस्तुर<br>• दण्ड, जरिवाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घरबहाल कर<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भुमिकर ( मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन<br>• दण्ड, जरिवाना | • सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना<br>• प्राकृति श्रोतबाट पाउने रोयल्टि<br>• पर्यटन शुल्क |

श्रोतः नेपालको संविधान २०७२

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको राजश्व अधिकारका सम्बन्धी व्यवस्था रहेको छ । यसमा करतर्फ सम्पत्ति कर, भूमीकर (मालपोत), व्यवसाय कर, घरजग्गा बहाल कर, जडीबुटी कबाडी र जीवजन्तु कर पर्दछन् । गैह्रकरतर्फ विभिन्न किसिमका सेवाशुल्क, दस्तुर तथा आफ्नो क्षेत्रभित्र संक्षिप्त वातावरणीय परीक्षण, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कनबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु विक्री र सामुदायिक वनको आय आदि रहेका छन् ।

**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था:** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा स्थानीय तहको कर र गैरकर सम्बन्धी अधिकार र राजश्व बाँडफाँट र प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी विस्तृत व्यवस्था गरिएको छ । यस अनुसार गाउँपालिकाको आयका विभिन्न स्रोतहरुलाई तलको चित्रमा प्रस्तुत गरिएको छ:




यस ऐनमा प्रदेश र स्थानीय तहको साझा अधिकारमा समावेश भएको सवारी साधन कर एकल कर प्रशासनको अवधारणा अनुसार प्रदेश सरकारले कर उठाई स्थानीय तहसँग बाँडफाँट गर्ने व्यवस्था रहेको छ । त्यसैगरी मनोरञ्जन करको दर प्रदेश सरकारले तोके बमोजिम स्थानीय तहले सङ्कलन गर्ने र विज्ञापन करको दर निर्धारण तथा सङ्कलन स्थानीय तहले नै गरी उठेको राजश्व बाँडफाँट गर्ने व्यवस्था रहेको छ । घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेश सरकारले तोक्ने र स्थानीय तहले सङ्कलन गर्ने प्रावधान रहेको भएपनि हाललाई नेपाल सरकारले तोकेबमोजिम मालपोत कार्यालयबाटै सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था गरिएको छ । यसरी साझा अधिकारकार क्षेत्रबाट उठेको राजश्व विभाज्य कोषमा राखी बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ । एकल कर प्रशासनबाट उठेको रकम बाँडफाँट सम्बन्धी व्यवस्था तल प्रस्तुत छ:

| **करका क्षेत्रहरु** | **दर निर्धारण गर्ने** **संकलनको तरिका** | **संकलन गर्ने** | **राजश्व बाँडफाँट प्रतिशत** | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ४० | ६० |

श्रोत: अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित)

साथै यस ऐनले संघ, प्रदेश र स्थानीय तहले गैर करको दर निर्धारण गर्दा वस्तु तथा सेवाको लागत, सञ्चालन र सम्भार खर्चको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस बाहेक यस ऐनले प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था गरेको छ:

प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड सम्बन्धी कानूनी व्यवस्था (प्रतिशतमा)

| रोयल्टिका श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य श्रोत | ५० | २५ | २५ |

श्रोतः अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४, अनुसूचि ४

यस्तो रोयल्टी रकम मध्ये स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी समन्यायिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट उठेको रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% प्राप्त गर्ने गरी बाडँफाँड गर्ने व्यवस्था यस ऐनमा रहेको छ । यस सम्बन्धी व्यवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

कर राजश्वको बाँडफाँड सम्बन्धी कानूनी व्यवस्था

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मुल्य अभिबृद्धि कर | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

श्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, परिच्छेद ३ (६)

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४:** यस ऐन बमोजिम आयोगले विभिन्न तहका सरकारबीच अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजश्वको बाँडफाँड गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संबैधानिक व्यवस्था समेत रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले २०७६/११/२९ को निर्णयानुसार आगामी ५ बर्षको लागि जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजश्व सङ्कलनका लागि गरेको प्रयाश, पूर्वाधार विकास तथा विशेष अवस्था जस्ता देहायका आधारमा प्रदेश तथा स्थानीय तहलाई राजश्व बाँडफाँड गर्ने गरेको छः

राजश्व बाँडफाँड सिफारिसका आधारहरु (प्रतिशतमा)

| सि.नं. | आधार (सूचक) | आन्तरिक ढाँचा ( उपसूचकको भार, प्रतिशतमा) | ढाँचा (भार प्रतिशतमा) |
|---|---|---|---|
| १ | जनसंख्या र जनसांख्यिक विवरण<br>कुल जनसंख्या<br>आश्रित जनसंख्या | <br>७०<br>३० | ६० |
| २ | क्षेत्रफल (भुगोल) | | १५ |
| ३ | मानव विकास सुचकांक | | ५ |
| ४ | खर्चको आवश्यकता | | ५ |
| ५ | राजश्व संकलनका लागि गरेको प्रयास | | ३ |
| ६ | पुर्वाधार विकास<br>क) सडकको घनत्व (सडकमा पहुँच)<br>ख) विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>ग) सुचना प्रविधिको सुविधा (सुचना प्रविधिमा पहुँच)<br>घ) खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>ङ) सरसफाई (शौचालयको उपलब्धता) | <br>६०<br>१०<br>१०<br>१०<br>१० | १० |
| ७ | विशेष अवस्था<br>क) अपाङ्गता भएको जनसंख्या<br>ख) आर्थिक सामाजिक असमानता | <br>२०<br>८० | २ |
| | जम्मा | | १०० |

श्रोतःराष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

आर्थिक वर्ष २०७९।८० को लागि मिति २०७९।०१।०६ मा प्राकृतिक श्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धि सिफारिस गर्दा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले देहायको प्राकृतिक श्रोतमा देहाय बमोजिमको रोयल्टीको हिस्सा पाउने गरि सिफारिस गरेको छ । आगामी आर्थिक वर्षमा राजश्व बाँडफाँट हुँदा सोहि बमोजिम रोयल्टी रकम बाँडफाँट भइ प्राप्त हुन्छ । पर्वतारोहण, खानी उत्खनन् तथा विद्युत उत्पादन नभएका कारण यसको रोयल्टी बाँडफाँटको हिस्सा उल्लेख गरिएको छैन । रोयल्टी बाँडफाँटको हिस्साको अंक उल्लेख गरिए पनि संघीय संचित कोषमा जम्मा हुने राजश्व रकम यकिन तथ्यांक प्राप्त नभएको हुँदा स्थानीय तहले कति रकम पाउँछन् भन्ने यकिन गर्न सकिएको छैन । संघीय सरकारले श्रोतको बाँडफाँट गरि पठाउने रकम वित्तीय हस्तान्तरणको प्रकृया बमोजिम सम्बन्धित स्थानीय सरकारले पाउने व्यवस्था छ ।

| स्थानीय तहको नाम | प्राकृतिक श्रोत | बाँडफाँटमा पाउने हिस्सा |
|---|---|---|
| पुनर्वास नगरपालिका | राष्ट्रिय वन | ०.१००१ |

श्रोतः प्राकृतिक श्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धि सिफारिस २०७९।८०, २०७९।०१।०६

उल्लेखित सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सुत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ ।

## स्थानीय तहको आन्तरिक आय अधिकार

स्थानीय तहका सरकार अर्थात गाउँपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजश्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । यी राजश्वका स्रोतहरु सम्वन्धित व्यक्तिले प्रत्यक्ष रुपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफूले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने बिषयमा स्वभाविक रुपमा चासो र सरोकार राख्ने गर्दछन् र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ । स्थानीय सरकारले आन्तरिक राजश्वको प्रभावकारी संकलन तथा परिचालनका लागि निम्न कार्यहरु तथा व्यवस्थापन गर्न जरुरी हुन्छः

**(क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्थाः** यस अन्तर्गत ऐन, कानून, कार्यविधिहरुको तर्जुमा, नियमावली, निर्णयहरुको निर्माण तथा पुराना काम नलाग्ने निर्णयहरु खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजश्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था गर्ने जस्ता कामहरु समेत पर्दछन् ।

**(ख) करदाताहरुको गणना र दर्ताः** राजश्वको नक्साङ्कन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण जस्ता कामहरु यसमा पर्दछन् ।

**(ग) राजश्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमानः** करयोग्य स्रोत निर्धारण र यस सम्वन्धमा सार्वजनिक छलफल गर्ने तथा चेतनामुलक गोष्ठीहरुको आयोजना गर्ने विषयहरु यसमा समावेश हुन्छन् ।

**(घ) कर सङ्कलन तथा करदाताहरुसँग सम्बन्ध निर्माणः** करदाताले तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीका बारेमा आम संचारका माध्यमबाट प्रचार प्रसार गरी समय समयमा छलफल कार्यक्रमको आयोजना गर्ने विषय यसमा पर्दछन् ।

**(ङ) कार्यान्वयन, अनुगमन तथा आन्तरिक नियन्त्रणः** बिल र रसिद काटेको तथा कर सङ्कलन भए नभएको बारे सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही तथा अन्तिम लेखापरीक्षण बारे पनि जाँच गर्ने विषयहरु यसमा समावेश हुन्छन् ।

**(च) अभिलेखीकरण, प्रतिवेदन तथा उत्तरदायित्व वहनः** यसमा गाउँपालिकाको सेवा र राजश्वको आबद्धता, राजश्व सङ्कलन तथा यसको उपयोगको सार्वजनिकिकरण, करको किसिम र स्थानको आधारमा राजश्वको प्रतिवेदन र नियमित रुपमा राजश्व सम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने कार्यहरु पर्दछन् । यो चक्रका प्रत्येक खुडकिलामा गाउँपालिकाको राजश्व प्रशासन र अन्य प्रशासकीय व्यवस्थाका कर्मचारी, प्रमुख प्रशासकीय अधिकृतले कार्यको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । नगरप्रमुख, निर्वाचित पदाधिकारी तथा समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफनो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधयक २०७५ बाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गादाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनारञ्जन तथा साहसी खेलकुद सम्बन्धि सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायका सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु बधशाला, शबदाह गृह, धोबिघाट, सडक, बसपार्क, पुल आदि) - अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिस सम्बन्धि कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सा पास दस्तुर

- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई ससोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने।
- बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्न (केही नेपाल ऐनलाई ससोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११** (४)) **:**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित ब्यवस्था)**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजश्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने बजेट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुको साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)

  कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२. *नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था*

माथि उल्लिखित राजश्व अधिकार सम्बन्धी कानूनी आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ। यस अन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई तालिका ३ मा देखाइए बमोजिम पहिचान गरिएको छ :

तालिका ३: पुनर्वास नगरपालिकाको राजश्व सम्भावना, दर र संकलन तालिका

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| क. | करतर्फ | | | |
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | ओखेटोपहारमा लाग्ने कर | भएको | नभएको | नभएको |
| ६ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | भएको | भएको | भएको |
| ७ | व्यवसाय कर | भएको | भएको | भएको |
| ८ | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | भएको | नभएको |
| ९ | विज्ञापन कर | भएको | भएको | नभएको |
| ख. | गैरकर | | | |
| १० | स्लेट, ढुङ्गा, गिटट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री | भएको | नभएको | नभएको |
| ११ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको (न्यून) | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| १२ | सामुदायिक वन पैदावार बिक्री | भएको | नभएको | नभएको |
| १३ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| १४ | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| १५ | बहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| १६ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| १७ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| १८ | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको |
| १९ | स्थानीय विद्युत महसुल | नभएको | | |
| २० | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | भएको | भएको | नभएको |
| २१ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | नभएको | |
| २२ | मूल्यांकन सेवा शुल्क | भएको | नभएको | नभएको |
| २३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| २४ | ढुङ्गा, गिटटी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | नभएको | नभएको | नभएको |
| २५ | वडामार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

### ***३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण***




यस गाउँपालिकामा धान, गहुँ, मकै जस्ता विभिन्न खाद्यान्न, अरहर, मसुरो, चना, भटमास, केराउ जस्ता दलहन, तोरी, आलस, सूर्यमूखी, भ्ुसेतिल, तिल जस्ता तेलहन तथा अदुवा, बेसार जस्तो नगदेवालीको ठूलो सम्भावना छ । फलफूलहरुमा आँप, लिचि, अम्वा, कटहर, मेवा जस्ता फलफूल आदि उत्पादन हुने गर्दछ । यहाँ गाई, भैसी, भेडाबाखा, सुँगुर, बँगुर, हाँस कुखुरा, जस्ता पशु तथा पन्क्षी पालन अधिकांश घरधुरीमा पाइन्छ । धेरै जसो घरधुरीहरु कृषि तथा पशु उद्यम सञ्चालनमा आएका छन् । त्यसैगरी करिब केहि व्यावसायिक कृषि फार्म रहेको यस

गाउँपालिकामा उद्योग, दाना तथा ह्याचरी उद्योग, तेल तथा खाद्यान्न सम्वन्धी उद्योग सञ्चालनमा छन् । यस गाउँपालिकामा व्यापार, उद्यम, व्यवसाय तथा उद्योगको सम्भावना र अवसरहरु छन् । विद्यमान सडक सञ्जालले यहाँका व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनलाई बजारसम्म पुऱ्याउन सहज भएको छ । गाउँपालिकाले आन्तरिक राजश्व संकलन गर्दा कर तथा गैरकर राजश्वको विभिन्न शिर्षकहरुबाट संकलन गर्ने गरेको छ । स्थानीय कर राजश्वका सम्पत्ती कर, भुमिकर तथा मालपोत, घरजग्गा बहाल कर, व्यवसाय कर लगायतका विभिन्न कर र विक्रि, सेवा शुल्क, दस्तुर समेतका विभिन्न गैर कर राजश्वलाई स्थानीय संचित कोषमा जम्मा गरी नियमानुसार खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।

## ३.३.१ स्थानीय कर राजश्व

### क. सम्पत्ति कर

**हालको अवस्थाः** नगरपालिकाले आ.व. २०७४।७५ देखि सम्पत्ति कर सुरु गरेको छ । नगरपालिकाको आर्थिक ऐन २०७५ ले घर/संरचना र सो घर/संरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । घर/संरचनाको मूल्यांकनको आधार देहायअनुसार रहने व्यवस्था गरेको छ :

क) घरको आकार, प्रकार, बनोट, आयु, निर्माण सम्पन्न भएको वर्ष र ह्रास मूल्य
ख) घर र जग्गाको प्रचलित बजार मूल्य
ग) घर र जग्गाको व्यवसायिक र आवासीय उपयोगको अवस्था

माथी उल्लेखित बाहेक बाँकी जग्गामा मालपोत संकलन गरिने भनि ऐनमा उल्लेखि गरिएको छ । त्यसै गरि चालु आ.व. का लागि रु. ८१ लाख संकलन हुने भनि अनुमान गरिएको छ । तर सम्पत्ति कर र मालपोत दुवै संकलन गरिने व्यवस्था चालु आ.व.का लागि गरिएको भएता पनि हाल सम्पत्तिकर संकलन गरिएको छ । गत आ.व.मा सम्पत्ति कर शिर्षमा जम्मा रु. असी लाख अठ्ठाइस हजार संकलन भएको थियो ।

**संभाव्यताः** नगरपालिकाका घरधुरी तथ्यांक सम्बन्धी हालै गरिएको २०७५ सालमा तयार गरिएको नगर प्रोफाइल अनुसार १२००१ घरधुरी रहेको छ । हालको विकास क्रमलाई हेर्ने हो भने यो संख्या बढेर करिब १४,००० पुगेको अनुमान छ ।

| वडा नं. | काठ, फल्याक | पराल, छावाल, खर | जस्ता,टिन, च्यादर | टायल, झिगटी र ढुंगा | टायल, कपडा, झिगटी, ढुंगा | सिमेन्ट ढलान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | ४६ | १२० | ५७७ | ५५७ | २९० | १५९० |
| २ | ७८ | | २२२ | ३८४ | ३९३ | २६८ | १३४५ |
| ३ | | ७ | ४५ | १५२ | १०२ | १७९ | ४८५ |
| ४ | | | २७५ | ३४० | १५६ | १७९ | ९५० |
| ५ | १६ | ४ | १६४ | ४८५ | ४३६ | २२८ | १३३३ |
| ६ | | ७ | १४४ | ५२० | १४१ | २३८ | १०५० |
| ७ | | ६ | १७८ | २७० | ८२ | १९ | ५५५ |
| ८ | २ | २६ | ३१२ | ४०१ | १६० | १३४ | १०३५ |
| ९ | २० | ८६ | ३०१ | ५२० | १९६ | २५७ | १३८० |
| १० | | ११ | ५५४ | ५०१ | ५ | ४५ | १११६ |
| ११ | | ५ | ३९८ | ५१५ | १३२ | ११२ | ११६२ |
| **जम्मा** | **११६** | **१९८** | **२७१३** | **४६६५** | **२३६०** | **१९४९** | **१२००१** |
| **प्रतिशत** | **१.०** | **१.६** | **२२.६** | **३.९** | **१९.७** | **१६.२** | **१००** |

स्रोत: घरधुरी सर्वेक्षण, २०७५

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरधुरी संख्या १४,००० (अनुमानित) घरधुरीलाई नै यस अध्ययनको प्रयोजनका लागि कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । हालको सम्पत्ति करको दर तथा संकलनको अवस्था हेर्दा प्रति करदाता रु १२०० सम्पत्ति कर संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

| | |
|---|---|
| प्रति करदाता उठन सक्ने (अनुमानित) औसत सम्पत्ति कर (रु.) | १२०० |
| सम्पत्ति करदाता (संख्या) | १४००० |
| समग्रमा उठन सक्ने कुल सम्पत्ति कर (रु.) | १,७२,००,००० |

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- मेट्रिक हाउस नम्बरिङ्ग सिस्टम लागू गर्ने र सबै घरको लगत राखि करको दायरामा ल्याउने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत् करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको घर कति फुटको कस्तो गुणस्तरको बाटोले छोएको हो भन्ने सहज तथ्यांक लिने

- सम्पत्ति करका विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।
- सम्पत्ति कर र भूमि कर एकै पटक संकलन गर्ने व्यवस्था मिलाउने गरि नीतिगत निर्णय गर्ने ।

**ख. मालपोत वा भूमि कर**

**हालको अवस्थाः** नगरपालिकाको संशोधित आर्थिक ऐन, २०७७ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । तर चालु आ.व.का लागि आर्थिक ऐनमा जग्गाको क्षेत्रफलका आधारमा मालपोतको दर निर्धारण गरि रु. ७५ लाख संकलन हुने अनुमान गरिएको छ ।

नगरपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गरिरहेको छ ।

**संभाव्यताः** नगरपालिकामा भूमीकर लगाउन योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा नगरपालिकाको अनुमानित घरधुरी संख्या १४,००० लाई आधार मानी यो करको सम्भाव्यता एकिन गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकर योग्य जग्गा हुन सक्ने र सबै जग्गा धनीले घर निर्माण नगरी घडेरी मात्र राख्ने तथा नगरपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको अवस्था समेतलाई ध्यानमा राखी कुल घरधुरी १४,००० मा ५० प्रतिशत थप गरी कुल २१,००० जना भूमिकरको अनुमानित करदाता रहेका छन् ।

| | |
|---|---|
| कुल भूमिकर करदाता संख्या (अनुमानित) | २१००० |
| प्रतिकरदाता औसत भूमि कर (अनुमानित) | ४०० |
| कुल सम्भाव्य भूमि कर | ८४,००,००० |

**सुधारका पक्षहरूः** नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- आर्थिक ऐनमा गरिएको व्यवस्था कार्यान्वयन गरि भुमि कर संकलन गर्ने ।
- सडकहरुको नक्साङ्कन, नामाकरण र लगत कट्टाको व्यवस्था गर्ने
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्थाः** नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै घर वा जग्गा बहालमा लगाई आम्दानी गरेमा वार्षिक बहाल रकमको १० प्रतिशत कर असुल गर्ने ब्यवस्था गरेको छ । नगरपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा

बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ । आ.व. २०७६।७७ मा यस शिर्षकबाट करिब रु. ६,६६,००० संकलन भएकोमा चालु आ.व. को हालसम्म यो रकम बढेर ३१ लाख १५ हजार पुगेको देखिन्छ ।

**संभावना:** नगर प्रोफाइल तयार गर्दा लिइएको तथ्यांक अनुसार यस नगरपालिका क्षेत्रमा जम्मा १०१ परिवारले घर बहालमा लिएको अनुमान छ । उल्लेखित तथ्यांक तथा छलफलका आधारमा यस नगर क्षेत्रमा करिब ५०० व्यक्तिगत, ५०० व्यवसायिक तथा २५० संस्थागत समेत गरि करिब १२५० घर जग्गा बहाल करका करदाता भएको अनुमान गरिएको छ ।

| क.सं. | आयका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | (?) |
| | | (क) | अनुमानित | कx ख x १२ | प्रतिशत | ग x घ |
| १ | संस्थागत तथा व्यक्तिगत प्रयोजन मा भाडामा लगाईका घरहरु | १२५० | २०,००० | ४,५०,००,००० | १० | ४५,००,००० |

तथ्यांक स्रोत: नगरपालिका प्रोफाइल २०७५ तथा कार्यशालामा गरिएको छलफल समेत

**सुधारका पक्षहरू:**

- बहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसँग आबद्ध गर्ने ।
- घरजग्गा बहाल रकम मुल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले बहाल मूल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- बहालकरको दर पुनरावलोकन गर्ने ।
- घरजग्गा बहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने ।

### घ. अन्य कर

### घ.१ व्यवसाय कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ५०० (ग्रामिण भेगका किराना पसल) देखि अधिकतम रु २५,००० सम्म रहेको छ । त्यसैगरि ऐनमा कर नतिरेमा हुन सक्ने दण्ड सजायको व्यवस्था पनि स्पष्ट राखिएको छ ।

नगरपालिकाले गत आर्थिक वर्षहरुमा व्यवसाय रजिष्ट्रेसन शुल्क असुल गरेको भएपनि व्यवसाय कर भने असुल भएको देखिएको छैन । दर्ता भएका व्यवसायलाई नविकरण गर्ने र करको दायरामा ल्याउन सके व्यवसाय कर उठ्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:** नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगर कार्यपालिकाबाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदि कार्यालयहरूसंग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजश्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।
- व्यवसाय दर्ता प्रकृयासंगै बन्द भएका व्यवसायहरु नामसारी तथा खारेजी गर्ने कामलाई पनि तिब्रता दिने ।
- व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि बनाउनु पर्ने ।

### ग.२ जडिवुटी, कवाडी, जिवजन्तु कर

**हालको अवस्था:** नगरपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छन ्तर अन्य मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने तथ्यांक तथा सूचनाको अभाव देखिन्छ ।

### घ. साना सवारी कर

**हालको अवस्था:** वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर संकलन गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकाले आर्थिक ऐनमा वार्षिक सवारी करको दर तथा साना सवारी साधनको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरेको छ । हालसम्म नगरपालिकाले यो शिर्षकबाट कुनै रकम असुल गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन ।

**संभावना:** नगरपालिकाले उल्लेखित बमोजिमका १०० साना सवारीबाट प्रति रिक्सा रु २५०० सवारी कर (दर्ता तथा नवीकरण सहित) लिएमा वार्षिक रु २५०,००० संकलन हुन सक्ने सम्भावना देखिन्छ । आगामी वर्षहरुमा वार्षिक औसत ५० वटा सवारी थप दर्ता भइ राजश्व संकलन हुने सम्भावन देखिन्छ ।

| आर्थिक वर्ष | सवारी संख्या | अनुमानित राजश्व रु. |
|---|---|---|
| २०७८।७९ | १०० | २५०००० |

**सुधारका पक्षहरू:** सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।
- सवारी दर्ता दस्तुर निर्धारण गर्ने तथा वार्षिक सवारी करको दर परिमार्जन गर्ने ।

**ङ) विज्ञापन कर**

हालको अवस्थाः नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

संभावनाः नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगामी आ.व.मा अनुमानित रु. १ लाखसम्म संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।
- विज्ञापन बोर्ड स्थापना सम्बन्धी अनुमति दिने कार्यविधि बनाउने ।

## ३.३.२ गैरकर राजश्व

**क) बिक्रीबाट प्राप्त रकम**

**क.१ स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री**

**हालको अवस्थाः** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजश्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिसका आधारमा स्थानीय तहले ढुंगा, गिटट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगरपालिका क्षेत्रमा खासै ठुला नदीहरु नभएको र भएका नदी/खोलाहरुका पनि वातावरणीय अध्ययन भएका छैनन् । नगरपालिकाले वातावरणीय अध्ययन गरी नदीजन्य पदार्थ बिक्री तथा निकासी गर्ने परिमाणको यकिन गर्नुपर्ने र आर्थिक ऐनमा दररेटको व्यवस्था गरि सोहि बमोजिम यस्ता वस्तुहरु विक्रि गर्नुपर्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- नगरक्षेत्रमा भएका नदी खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने
- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व नगरसभाबाट बिक्रीको दर परिमार्जन गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिस गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने ।
- नगरपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

### क.२ सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

राष्ट्रिय वनलाई सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थित गर्न र निजि, सार्वजनिक र शहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवम् जैविक विविधताको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्ने कुरा वन ऐन २०७६ को प्रस्तावनामा उल्लेख गरिएको छ ।

स्थानीय सरकार संचालन ऐनमा समेत स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा शहरी वन, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समितिको व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधनमा यस सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरेको छ :

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका वा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।
- वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ ।

यस नगरपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी यकीन तथ्यांक प्राप्त हुन सकेन ।

### ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** नगरपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेबापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी ब्यवस्था छ । हाल यस नगरपालिकाले दुई किसिमका बहाल बिटौरी कर संकलन गरिरहेको छ :

- आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गाको प्रयोगमा
- सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसलका अलवा नगरपालिकाले सार्वजनिक जग्गाहरुको प्रयोग बापत केही क्षेत्रहरुबाट यो शुल्क संकलन गरिरहेको छ ।

नगरपालिकाले बहाल बिटौरी शुल्क आर्थिक ऐनबाट निर्धारण गरी गत आर्थिक वर्षबाट उठाउन शुरु गरेको छ । गत आ.व.मा बहाल बिटौरी शुल्क बापत रु.१९,१७,००० उठेकोमा यस वर्ष जेठ मसान्त सम्म ज्यादै न्युन रकम उठेकोमा लक्ष्य अनुरुप उठ्न नसक्ने अनुमान गरिएको छ ।

**संभावना:** बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शिर्षक बापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ । त्यसैगरि आगामी आ.व.मा सार्वजनिक जग्गाको प्रयोग गर्ने प्रयोगकर्ताहरुको पहिचान गरि व्यवस्थित रुपमा बहाल विटौरी शुल्क संकलनमा अग्रसर हुनु आवश्यक छ । बहाल विटौरी कर वार्षिक करिब २० लाख सम्म उठ्ने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू:** नगरपालिकाको बहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- सार्वजनिक जग्गा प्रयोग बापत लिईएको शुल्क लाई एकमुष्ट रुपमा बहाल विटौरी शुल्क अन्तर्गत् गणना गर्ने ।
- ऐलानी वा पर्ति जग्गामा बनेका संरचनाहरूको अभिलेख राखी बहाल बिटौरी शुल्कको अभिलेख राख्ने ।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल बिटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गिकरण गरि बिटौरी शुल्कको दर परिमार्जन गर्ने र सोही आधारमा संकलन गर्ने ।

**ग) पार्किङ शुल्क**

हालको अवस्था: नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकाले बसपार्कमा पार्किङ गर्ने सवारीका लागि पार्किङ शुल्क निर्धारण गरि आर्थिक ऐनमा समावेश गरेको छ । तर हालसम्म यस सम्बन्धि शुल्क संकलन भएको छैन ।

**सम्भावना :** हाल यस नगरपालिका क्षेत्रमा विभिन्न परियाजना मार्फत् सडक निर्माणका काम तिब्ररुपले बढ्दै गईरहेको छ भने यहाँका जनताहरुले समेत नीजि सवारी किन्ने र त्यसको प्रयोग गर्ने दर बढ्दो देखिन्छ । नगरपालिकाका मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्नु आवश्यक हुन्छ । हाल भईरहेका पार्किङ स्थलहरुको स्तरउन्नोति तथा आवश्यक क्षेत्रमा पार्किङ स्थलहरुको पहिचान तथा निर्माण गर्ने जस्ता योजनाहरु नगरपालिकाले अगाडी सार्नुपर्ने देखन्छ ।

**सुधारका पक्षहरू:** नगरक्षेत्रको सुन्दरता कायम राख्दै, सवारी व्यवस्थित गरि नगरबासी लाई सुविधा प्रदान गर्न देहायका कार्य गर्नुपर्ने देखिन्छ :

- नगरपालिकाका मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्ने
- हाल भईरहेका पार्किङ स्थलहरुको स्तरोन्नति तथा आवश्यक क्षेत्रमा पार्किङ स्थलहरुको पहिचान तथा निर्माण गर्ने
- पार्किङ शुल्कको दर पुनरावलोकन गरि आवश्यक परिमार्जन गर्ने ।

**घ) नक्सा पास दस्तुर**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देशन गरेको छ । यस नगरपालिकाले नगरपालिकाको गठन भएदेखि नै नक्सापासको शुरुवात गरेको देखिन्छ । यस नगरपालिकामा वार्षिक औसत २५० वटा घरनक्सा पास हुनेगरेको छ ।

**सम्भावनाः** यस नगरपालिका क्षेत्रमा बढ्दो शहरिकण संगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम ६०० देखि अधिकतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् ।

**सुधारका पक्षहरूः** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

**ङ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता, अनुमति, नविकरण दस्तुर)**

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् ।

चालु आ.व.का लागि आर्थिक ऐनमा दर्ता तथा नविकरण दस्तुर निर्धारण नगरे पनि व्यवसाय करको दर निर्धारण (न्यूनतम रु. १,००० देखि १०,००० सम्म) गरेको छ । तर नगरपालिकाले व्यवसाय रजिष्ट्सन दस्तुर संकलन गरेको र व्यवसाय कर असुल गरेको देखिन्छ ।

**सम्भावना :** नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव १५५० जति उल्लेखित किसिमका व्यवसायीक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक तथा निर्माण व्यवसायीहरु आदि यस नगरक्षेत्रमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. २,५०० लिइएको खण्डमा प्रति वर्ष रु. ३८,७५,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर परिमार्जन गरि निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- नगरपालिकाले “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि तर्जुमा गरि लागु गर्ने ।

### च) सिफारिस तथा प्रमाणित दस्तुर

**हालको अवस्थाः** नगरपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिस तथा प्रमाणितको दर न्यूनतम रु १० देखि ३,००० सम्म निर्धारण गरेको छ र यसबाट गत आर्थिक वर्षमा करिब रु. १७ लाख २१ हजार असुली भएको र चालू आर्थिक वर्षमा यस शिर्षकमा रु. १५ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । नगरपालिकाले नगर कार्यपालिका तथा वडा कार्यालयहरूबाट यस्तो दस्तुर संकलन गरिआएको छ ।

**सम्भावनाः** नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट वार्षिक करिव १८,००० वटा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिस वा प्रमाणित औषत रु ३५० भएमा वार्षिक सिफारिस तथा प्रमाणित बाट रु ५२,५०,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिस दस्तुर रु. ४३,००,०००, व्यक्तिगत घटना दस्तुर रु. ५००,०००, नाता प्रमाणित दस्तुर रु. २,५०,००० र अन्य दस्तुर रु. २,००,००० अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- सिफारिस वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट सकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।

### छ) अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)

**हालको अवस्थाः** हाल नगरपालिकाले आर्थिक ऐनमा फोहरमैला व्यवस्थापन शुल्कको दर (सर सफाई शुल्कको रुपमा) निर्धारण गरिको छैन ।

**सम्भावनाः** नगरपालिकाले तत्कालै आफ्ना मुख्य बजारक्षेत्रहरूमा प्रभावकारी फोहरमैला व्यस्थापन कार्यक्रम संगै शुल्क संकलन कार्यलाई लागु गर्न सकिन्छ ।

### ज) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

**हालको अवस्थाः** आफ्नो स्वामित्वमा रहेका घर, भवन तथा मेसीन औजार आदी बहालमा लगाई सो बापत बहाल रकम संकलन गर्नसक्ने प्रावधान रहेको छ । सो अनुरुप यस नगरपालिकाले देहाय बमोजिमको बहाल रकम संकलन गरिरहेको छ :

मेसिन औजार बहाल बापत : नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका व्याक हो लोडर, रोलर र ट्याक्टर, प्रोजेक्टर बहालमा लगाई आय आर्जन गरिरहेको छ ।

**सम्भावनाः** नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहालबाट आगामी आ.व.मा करिब १२ लाख आम्दानी गर्नसक्ने देखिन्छ :

**सुधारका पक्षहरूः**

- भवन, कोठाको भाडादर निर्धारण गरि बजारको चलनचल्तिको बहाल रकमसंग मेल खाने गरि तोक्ने ।
- आवश्यक कार्यविधिहरु तर्जुमा गर्ने ।

# परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसबाट नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## *४.१ राजश्व परिचालन सम्बन्धि नीति*

१. करदाताको कर तिर्ने क्षमताको आधारमा करको दर निर्धारण गरी सबै करदातालाई करको दायरामा ल्याइनेछ ।
२. निर्धारित समयभित्र कर बुझाउने करदातालाई केही प्रतिशत कर छुट दिने नीतिलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
३. करदाता सचेतना कार्यक्रम सञ्चालन गरी नगरपालिका र करदाता वीचको सम्वन्धलाई थप सुदृढ बनाउने नीति लिइनेछ ।
४. राजश्व प्रशासनलाई पारदर्शी, जवाफदेही एबं राजश्व चुहावटको शुन्य सहनशिलता सुनिश्चित गर्ने नीति लिईनेछ ।
५. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान पुर्‍याउने किसिमको कर नीति अबलम्बन गरिनेछ ।
६. कर तथा सेवा शुल्कबाट प्राप्त राजश्वलाई सार्वजनिक सेवा र विकास निर्माणका क्षेत्रमा लगानी गरिने छ ।

आन्तरिक राजश्व परिचालन सम्बन्धमा नगरपालिकाद्धारा देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. संस्थागत घरबहाल करलाई ब्यवसायकरसँग आवद्ध गरी उठाउने र ब्यक्तिगत रुपमा बहालकरबाट आयआर्जन गरेका करदाताहरुलाई सम्पत्ति करसँग आवद्ध गरी असुली गरिनेछ ।
२. राजश्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने र राजश्व शाखालाई प्रविधियुक्त र थप जनशक्ति सहित सुदृढीकरण गरिने छ ।
३. करदाताहरुसँग निरन्तर अन्तरक्रिया र संवाद गरी समयमा कर तिर्न उत्प्रेरित गरिनेछ । नगरपालिकाका पदाधिकारी तथा नगर क्षेत्र भित्र घर तथा जग्गा भएका कर्मचारीहरुले आर्थिक वर्ष शुभारम्भ मै कर तिरी सबै नागरिकलाई कर तिर्न उत्प्रेरणा गर्ने गराइनेछ ।
४. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुको सहभागिता जुटाईनेछ । कर संकलनमा यथासम्भव सरकारी, निजी क्षेत्र, उपभोक्ता समिति, टोल विकास समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।
५. व्यवसायीहरुले अनलाईन मार्फत आन्तरिक राजश्व कार्यालयमा बुझाउँदै आएको करलाई नगरपालिकालाई बुझाउनुपर्ने करसँग समेत आवद्ध गरिनेछ ।
६. कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याई राजश्व प्रशासनलाई पारदर्शी गराइनेछ

७. राजश्वको स्रोत बृद्धि गर्न सघाउ पुऱ्याउने पूँजीगत लगानीका आयोजनाहरुमा लगानी बृद्धि गर्दै लगिनेछ ।

## ४.२ आय संकलनको संस्थागत व्यवस्था

नगरपालिकाको राजश्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ :

- नगरपालिकामा राजश्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ ।
- राजश्व शाखामा राजश्व प्रमुख, अधिकृत र कम्प्युटर अपरेटर दुईजना कर्मचारी कार्यरत रहेका छन् ।
- वडा कार्यालयहरुमा वडा सचिव, सामाजिक परिचालक, कार्यालय सहायक सहित सामान्यतया तीन जना कर्मचारी कार्यरत रहेका छन् ।
- राजश्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण कमि रहेको देखिन्छ ।
- स्थानीय तहको राजश्व प्रशासन र व्यबस्थापन सम्बन्धी विषयमा विशिष्टीकृत तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका कृयाकलापहरु कमै मात्र भएको छ ।

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजश्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजश्व परामर्श समिति गठन गरिएको छ ।

तालिका ४: राजश्व परामर्श समिति

| क.सं. | समितिका व्यक्तिहरुको नाम | पद | समितिमा जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री भुलिया कुमारी राना | नगर उपप्रमुख | संयोजक |
| २ | श्री गणेश सिंह ऐडी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | | कार्यपालिका सदस्य | सदस्य |
| ४ | | कार्यपालिका सदस्य | सदस्य |
| ५ | | प्रतिनिधि, घरेलु तथा साना उद्योग सम्बन्धि स्थानीय संस्था | सदस्य |
| ६ | श्री कृष्ण बहादुर तामाङ | प्रतिनिधि, उद्योग वाणिज्य संघ | सदस्य |
| ७ | श्री नवराज सापकोटा | अधिकृत छैठौं | सदस्य सचिव |

नगरपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि नगर उपप्रमुखको संयोजकत्वमा राजश्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ । जसमा

राजश्वको समीक्षा, लक्ष्य, वडास्तरमा उठेका राजश्व संचित कोषमा दाखिला, चोरी निकासी नियन्त्रण, राजश्वको अनुगमन, वार्षिक राजश्व अनुमान आदि मुख्य हुन् । बैठकमा निजीक्षेत्रबाट उद्योग वाणिज्य संघका प्रतिनिधि आउने गरेका छन् तर घरेलु उद्योग क्षेत्रबाट गर्ने प्रतिनिधित्व हुन नसकेको देखिन्छ । साथै राजश्व परामर्श समितिका सदस्यहरुलाई राजश्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजश्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्न आवश्यक देखिएको छ ।

यस समितिले समय समयमा बैठक गर्ने तथा राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नगरपालिकामा सिफारिस गर्नेलगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । समितिको बैठक बसी नगरपालिकाले आ.व. २०७९।८० मा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरेको थियो ।

नगरपालिकाको राजश्व सम्बन्धी नीति अनुसार चालु आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्ति कर लगाउने प्रावधान राखिएको भए पनि संघीय आर्थिक ऐन, २०७५ बाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको संशोधनले गाउँपालिका तथा नगरपालिकाले सम्पत्ति कर र भूमिकर (मालपोत) छुटुटा छुट्टै लिनुपर्ने व्यवस्था गरेको छ । यसै व्यवस्थाको आधारमा नगरपालिकाले आर्थिक ऐन, २०७५ मा व्यवस्था भए बमोजिम पनि हाल सम्पत्ति कर नै संकलन गरिरहेको छ ।

**नगरपालिकाको राजश्व प्रशासन**

यस नगरपालिकाको संगठन संरचना अनुसार राजश्व शाखा रहेको छ । राजश्व शाखामा एकजना राजश्व अधिकृतका अतिरिक्त थप १ जना सहायक स्तरका कर्मचारी कार्यरत छन् । वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यबोझका आधारमा कर्मचारी कम रहेको देखिन्छ । पर्याप्त जनशक्ति नरहेता पनि यस शाखाको साथै सबै वडा कार्यालयस्तरबाट समेत राजश्व असुलीको व्यवस्था मिलाइएको छ ।

राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउनु पर्ने महसुस नगरपालिकाले गरेको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै नगरपालिकामा सम्भव हुने विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीको व्यवस्थापन गरी वडाबाट प्रभावकारी सेवा प्रवाह र राजश्व सङ्कलन कार्य सञ्चालन गर्नुपर्ने छ । साथै नगरपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई आयका शीर्षकका विषयमा अभिमुखीकरण आवश्यक रहेको छ । साथै समितिको सदस्य सचिवलाई राजश्व परामर्श समितिको माइन्युट, राजश्व सुचना तथा अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण छ ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालनको अवस्था

नगरपालिकाले प्रचलित संघीय कानुन, प्रादेशिक कानुन तथा स्थानीय कानुनको अधिनमा रहेर स्थानीय राजश्व संकलन गरेको छ । संघीयताको अभ्यासमा लामो अनुभव नभइसकेको अवस्थामा स्थानीय स्तरमा उपलब्ध साधन श्रोत तथा स्थानीय बासिन्दाको कर तिर्ने हैसियत बृद्धि भइ नसकेको अवस्थाले गर्दा कुल आयको तुलनामा आन्तरिक आय अत्यन्त न्युन देखिन्छ । विगत वर्षको आन्तरिक राजश्व संकलन तथा चालु आ.व.को अनुमान र हालसम्मको संकलनको अवस्थालाई तालिका ५ मा देखाइएको छ ।

२०७३ सालमा संघीय संरचनाको कार्यान्वयन शुरुवात गर्नका लागि राज्य पुनर्संरचना भइ संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको रुमा गाउँपालिका तथा नगरपालिकाहरुको स्थापना भएको हो । स्थानीय सरकार गठनको नयाँ अनुभव, संस्थागत क्षमताको कमी तथा प्रशासनिक पुनर्संरचनामा भएको ढिलाइ लगायतका कारणले स्थानीय तहले संविधानले दिएका अधिकारको पुर्ण प्रयोग गर्न सकिरहेका छैनन् । स्थानीय कर तथा गैरकर राजश्व संकलनमा कतिपय स्थानीय तहले राजनितिक नाफाघाटाको आधारमा कर मुक्त पालिकाहरु घोषणा गर्ने, कतिपयले राजश्व संकलनमा चासो नदेखाउने भएको हुँदा स्थानीय तहमा आन्तरिक राजश्वको परिमाण ज्यादै न्युन रहेको पाइन्छ । कतिपय नगरपालिकाहरुमा कुल आयको ज्यादै न्युन मात्रै आन्तरिक राजश्व संकलन भएको पनि पाइन्छ । यसले गर्दा स्थानीय तहहरुलाई आत्मनिर्भरताको मार्गमा अघि बढ्न निकै चुनौति हुने देखिन्छ ।

यस नगरपालिकामा पनि शुरुका वर्षमा कमै मात्र आन्तरिक राजश्व संकलन भएको देखिन्छ भने विस्तारै दर र दायरा दुबै बृद्धि हुनुपर्ने, आन्तरिक राजश्वको अंक बृद्धि हुनुपर्नेमा त्यसो भएको देखिन्न । तर नगरपालिकाले अझै पनि आन्तरिक राजश्वका थप श्रोतको खोजी गर्नुपर्ने र दर, दायरा बृद्धिमा समयानुकुलन परिमार्जन गर्नुपर्ने देखिन्छ । आ.व. ०७६।७७ मा कुल आयको करिब ६ प्रतिशत आन्तरिक राजश्व संकलन भएकोमा ०७७।७८ मा ५ प्रतिशतमा सिमित भएको देखिन्छ । देशव्यापि रुपमा कोभिड १९ को असरले आन्तरिक राजश्व संकलनमा समस्या भएको र संघीय अनुदान तथा प्रदेश अनुदानको परिमाणमा भएको बृद्धिले पनि आन्तरिक राजश्वको मात्रा कम भएको देखिन्छ । चालु आ.व.मा कुल आयको ४ प्रतिशत आन्तरिक राजश्वबाट हुने आयको अनुमान गरिएको भएकोमा जेठ २५ सम्ममा राजश्व अनुमानको हाराहारीमा नै करिब ४ प्रतिशत आन्तरिक राजश्व उठेको हिस्सा देखिन्छ ।

तालिका ५: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था  रु. हजारमा

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय | | चालु आ.व.को जेठ २५ सम्मको यथार्थ | चालु आ.व.को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | |
| ११३१३ | सम्पत्ती कर | ४,३६१ | ८,०२८ | ६,०९९ | ८,१०० |
| ११३१४ | भुमिकर (मालपोत) | १५,८१४ | ३,२७२ | १७२ | ४३० |
| ११३२१ | घरबहाल कर | ६६७ | १,४३१ | ३,३१५ | १,४३० |
| ११३२२ | बहाल विटौरी शुल्क | १,०७४ | १,९१८ | ५९ | १,९२० |
| ११४५१ | सवारी साधन कर (साना सवारी दर्ता, वार्षिक सवारी कर) | - | - | - | - |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय | | चालु आ.व.को जेठ २५ सम्मको यथार्थ | चालु आ.व.को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | |
| ११४७२ | विज्ञापन कर | - | - | - | - |
| ११६१३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | २,००० | ३,६८७ | २,८७७ | ३,८०० |
| ११६१४ | रेडियो, एफ.एम संचालन दस्तुर | - | - | - | - |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | - | - | - | - |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | - | - | - | - |
| ११६९१ | अन्य कर | १०० | ४५६ | ९४७ | ४०० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | १,४७२ | १,१२४ | १,००० |
| १४२११ | कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | - | - | - | - |
| १४२१२ | सरकारी सम्पत्तीको विक्रिबाट प्राप्त रकम | - | - | - | - |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | २१२ | २१४ | ५ | २०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५० | ३१८ | २३० | ३५० |
| १४२१९ | अन्य सेवा शुल्क | - | - | - | - |
| १४२२१ | न्यायिक दस्तुर | - | - | - | - |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | - | - | - | - |
| १४२४१ | पार्किङ्ग शुल्क | - | - | - | - |
| १४२४२ | नक्सापास दस्तुर | ६० | २५९ | २४९ | ३०० |
| १४२४३ | सिफारिस दस्तुर | ४,००० | ३,८६३ | २,८६६ | ३,८५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ११० | ४०१ | ८२२ | ४०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १० | २३३ | ६ | २३० |
| १४२४९ | अन्य दस्तुर | ५०० | २,६४२ | २,५३६ | २,४७० |
| १४३१२ | प्रशासनिक जरिवाना र जफत | १५० | ५८ | - | २० |
| १४५११ | बिमा दावी प्राप्ती | - | - | - | - |
| १५१११ | बेरुजु | | | | |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय | | चालु आ.व.को जेठ २५ सम्मको यथार्थ | चालु आ.व.को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | |
| | | १० | २१ | ५२१ | १०० |
| १४६११ | व्यवसाय कर | - | - | - | - |
| | **जम्मा** | २९,११८ | २८,२७२ | २१,८३० | २५,००० |

श्रोतः पुनर्वास नगरपालिका, आर्थिक प्रशासन शाखा

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार उपरोक्त तालिकामा उल्लेखित करका शीर्षकहरुमध्ये पाँच वटा शीर्षकमा कर संकलन भएको छ ।

गत आर्थिक वर्षहरुमा कोभिड महामारीका कारण राजश्व संकलनमा गम्भीर असर परेका हुँदा आन्तरिक राजश्वको लक्ष्य प्राप्त हुन समस्या परेको देखिन्छ । चालु आ.व.मा कुल आयको ४ प्रतिशत आन्तरिक राजश्व हुने अनुमान गरिएकोमा जेठ २५ सम्ममा कुल अनुमानको करिब ८७.३२ प्रतिशत संकलन भएको र कुल आयको करिब ४ प्रतिशत हिस्सा आन्तरिक राजश्व संकलन भएको देखिन्छ । विगत वर्षको कुल आय संरचनाको अवस्थालाई तालिका ६ मा देखाइएको छ ।

तालिका ६: विगत ३ वर्षको कुल आय परिचालनको अवस्था रु. हजारमा

| क्र.सं. | आय शिर्षक | गत आर्थिक वर्षको कुल आय विवरण | | २०७८/७९ | |
|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | चालु आ.व.को प्रस्तावित आय | जेठ सम्मको यथार्थ |
| १ | आन्तरिक आय | २९,११८ | २८,२७२ | २५,००० | २१,८३० |
| २ | संघीय सरकार | - | - | - | |
| | समानीकरण अनुदान | १५३,६०० | १५१,५०० | १६०,८०० | १६०,८०० |
| | शसर्त अनुदान चालु | २१९,१८५ | २६५,५३६ | २४३,८३८ | २३५,६६० |
| | शसर्त अनुदान पुँजिगत | | | ४९,६०४ | ४०,००४ |
| | विषेश अनुदान | | १,९९५ | | |
| | समपुरक अनुदान | | १३,९०० | | |
| ३ | प्रदेश सरकार | - | - | - | |
| | समानीकरण अनुदान | ७,४२१ | ७,२९३ | ११,७५१ | ८,८१३ |
| | शसर्त अनुदान चालु | ९,८२९ | १९,७११ | | |
| | शसर्त अनुदान पुँजिगत | | | १६,२४८ | १६,२४८ |
| | विषेश अनुदान | | ४,८०० | ५,००० | |
| | समपुरक अनुदान | | ८,२७८ | १३,१३३ | |

| क.सं. | आय शिर्षक | गत आर्थिक वर्षको कुल आय विवरण | | २०७८/७९ | |
|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | चालु आ.व.को प्रस्तावित आय | जेठ सम्मको यथार्थ |
| ४ | राजश्व बाँडफाँटबाट प्राप्त आय | ८२,२०५ | १०३,४८६ | १२७,४५० | ११९,८६३ |
| ५ | दायित्व | - | - | - | - |
| ६ | जनसहभागिता | - | - | - | - |
| | **कुल आय** | **५०१,३५८** | **६०४,७७१** | **६५२,८२४** | **६०३,२१८** |
| | कुल आयमा आन्तरिक आयको हिस्सा | ६% | ५% | ४% | ४% |

श्रोतः पुनर्वास नगरपालिका, आर्थिक प्रशासन शाखा




**आन्तरिक आय र कुल आयको विगत ३ वर्षको अवस्था**

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाले राजश्व अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि अन्य कतिपय शीर्षकहरुमा राजश्व संकलन गर्न बाँकी रहेको छ । समग्रमा यस नगरको राजश्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

### क. राजश्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

राजश्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजश्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्य वातावरण हुनु आवश्यक छ । वडास्तरमा पर्याप्त कर्मचारी तथा प्रविधि नभएको कारण राजश्व सफ्टवेयर भएर पनि हाते बिल प्रयोग गर्ने गरिएको छ । राजश्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ । राजश्व शाखामा एकजना राजश्व अधिकृतका अतिरिक्त थप १ जना कर्मचारी कार्यरत छन् । वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक

कर्मचारी कार्यरत रहेको देखिन्छ। कार्यबोझका आधारमा कर्मचारी कम रहेको देखिन्छ। यसबाट आन्तरिक राजश्व संकलनका लागि उपयुक्त पुर्वाधारको कमी देखिन्छ भने कर्मचारी दरबन्दिमा हेरफेर गरि राजश्व शाखामा थप गर्नुपर्ने देखिन्छ। पुर्वाधार तथा जनशक्तिको पर्याप्तता विना आन्तरिक राजश्वको संकलनमा उल्लेख्य बृद्धि हुन सक्दैन। भएका तथा थप हुनसक्ने जनशक्तिलाई पनि आवश्यक तालिम तथा अभिमुखिकरण गरि क्षमता विकास गराउनुपर्ने देखिन्छ।

विद्यमान कार्यबोझलाई मनन गरी राजश्व उपशाखामा अविलम्ब दरवन्दि अनुसारको जनशक्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यसैगरी राजश्व प्रशासनसँग सम्बन्धित गाउँपालिका तथा वडास्तरका कर्मचारीहरुलाई क्षमता विकास तालिम, सूचना प्रविधिमा आधारित राजश्व अभिलेख प्रणालीको व्यवस्था हुन आवश्यक छ। यसैगरी वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरी वडा कार्यालयहरु मार्फत राजश्व सङ्कलनको व्यवस्थित प्रणालीको स्थापनाका साथै विद्यमान पद्धतीमा अनलाईन तथा बैंकिङ प्रणालीबाट राजश्व बुझाउने व्यवस्था गर्न सके राजश्व असुली चुस्त दुरुस्त हुने देखिन्छ। वडा कार्यालयहरुबाट असुली भएको राजश्व नगरपालिकामा दाखिला गर्दा कुन शिर्षकबाट उठेको राजश्व हो त्यसको लेखाङ्कन गर्नु पर्ने हुन्छ। त्यसैले वडाबाट राजश्व बुझ्दा आर्थिक प्रशासन वा राजश्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई राजश्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ। यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजश्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ। राजश्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शिर्षकगत राजश्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ।

पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वडाबाट सङ्कलन गरिएको राजश्व बुझ्ने फाराम (नमूना)

वडा नं: ....

राजश्व बुझ्ने वडा सचिव वा कर्मचारीको नाम:......... मिति:..................

| सि.नं. | काटिएको रसिद नं. | रसिद काटिएको मिति | राजश्वको शिर्षक | राजश्व बुझाउने व्यक्ति वा संस्थाको नाम | सङ्कलन गरिएको राजश्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा रसिद संख्या | | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा : | | | | | |
| रकम बुझिलिनेको दस्तखत र मिति : | | | | | |

**ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

हाल नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन। एकातिर बिलिङ पद्धतिलाई

पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

## ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्बन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ बाहेक अन्य क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् । साथै नगरपालिकाले हाल आर्थिक ऐनमा समाबेस गरेका शिक्षा तथा स्वास्थ्य विकास कर र बाटो मर्मत, पर्याबरण संरक्षण तथा सवारी दस्तुरको कानूनी बैधतामा पनि प्रश्न उठ्न सक्ने देखिएको छ ।

## घ. राजश्वका दर निर्धारण तथा प्रचार प्रसार

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजश्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल भइ सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार भैरहेको छ । जसको फलस्वरुप विगत आर्थिक वर्षमा लक्ष्य अनुरुपको राजश्व संकलन सम्भव भएको हो । नगरपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोगसँगै करदाता शिक्षामा पर्याप्त ध्यान दिए पनि गत आर्थिक वर्षहरुमा कोरोना महामारीका कारण लक्ष्यमा पुग्न सकेन ।

## ङ. समन्वय संयन्त्र

राजश्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजश्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजश्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजश्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजश्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजश्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिेशन दस्तुरको बाँडफाँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजश्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग समन्वय कायम गर्नेपर्ने देखिन्छ ।

## च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाका अनुगमन गरी राजश्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजश्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसारहरू हुन सक्दछन् ।

**छ) राजश्व संकलनको आन्तरिक नियन्त्रण**

राजश्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकीय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजश्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजश्व शाखाले जिन्सी फाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा नगरपालिकाबाट जारी भएको राजश्व शिर्षकगत छुट्टिने फारममा राजश्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्ने गर्नु पर्दछ । यसरी प्राप्त रकमलाई नगरपालिकाको गोस्वारा खातामा शिर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजश्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ । यदि राजश्वको लेखा सूत्र (SuTRA) आधारित भए सोहि बमोजिम शीर्षगत रुपमा प्रष्ट गरी विद्युतीय माध्यमबाट (अनलाईन) प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ । यस नगरपालिकाका विभिन्न वडाहरुको भौतिक, आर्थिक, सामाजिक विकासको अवस्था फरक फरक रहेको छ । तसर्थ विकसित तथा अविकसित क्षेत्रहरुका जनताले तिर्ने राजश्व दरहरु समेत फरक गर्नुपर्ने देखिन्छ । विकसित स्थानका करदाताहरु अविकसित स्थानका भन्दा तुलनात्मक रुपमा कम सेवा सुविधा उपभोग गर्नेमा पर्दछन् र उनिहरुको आयआर्जनको अवसर र आयस्तर समेत फरक हुनेहुँदा सोहि अनुसार विकसित स्थानका भन्दा अविकसित स्थानका करदाताले तिर्ने राजश्वका दरहरु कम हुने रणनिति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

**ज) श्रोतको दायरा विश्लेषण**

आन्तरिक राजश्वका सम्भावित श्रोतहरु केके हुन् भन्ने सवालमा नगरपालिका वा वडा तह देखि समुदाय स्तरसम्मै जानकारी हुनुपर्दछ । र ती श्रोतहरुबाट राजश्व संकलन गर्दा स्थानीय सरकार आत्मनिर्भरता उन्मुख हुने, श्रोतको परिचालन भइ स्थानीय स्तरमा (वडा वा समुदायस्तर) नै काम हुने कुराको अभिमुखिकरण गर्ने तथा जनचेतना जगाइ राजश्वको दर, दायरा फराकिलो बनाउँदै लैजान सकिन्छ । साथै स्थानीय सरकारले योजना निर्माण गर्दा समुदायको आर्थिक विकास, पर्यटन विकास, हाटबजार, बसपार्क, सपिंग कम्प्लेक्सहरु लगायतका प्रतिफलमुखि पुर्वाधारहरुमा लगानी गर्ने योजना बनाउनुपर्दछ । लगानी थपिँदै जाँदा आन्तरिक राजश्वका दायरा समेत बढ्ने र बढाउने कुरामा स्थानीय सरकारले ध्यान दिनुपर्छ ।

**(झ) स्रोतको आधारहरुको विश्लेषण**

**अभिलेख व्यवस्थापन एवम् स्रोतहरुको प्राथमिकीकरणः**

नगरपालिकाका सम्भाव्य राजश्वका स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानु पर्दछ । नगरपालिकाबाट राजश्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अत्यन्त महत्वपूर्ण हुन्छ ।

**स्थानीय आर्थिक विकासः**

नगरपालिकाबाट बार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी व्यवसायिकता अभिवृद्धि, आयआर्जनका अवसर सिर्जना, स्थानीय कच्चा पदार्थको उपयोग, प्रशोधन तथा बजारीकरण, जग्गा एकीकरण तथा एकीकृत वस्ती विकास, स्थानीय आर्थिक गतिविधि केन्द्रीत पूर्वाधार विकास, रोजगारी सिर्जना जस्ता आर्थिक विकासमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको नगरपालिका प्रतिको सकारात्मक धारणा विकास र विश्वासको वातावरणले निजी क्षेत्रको लगानी एवं उद्यमी व्यवसायी आकर्षित हुने र यस्ता क्रियाकलापबाट जनताको आय बृद्धि भई कर तिर्ने क्षमतामा सुधार आउने भएकोले नगरपालिकाको राजश्व बृद्धिमा प्रत्यक्ष योगदान पुग्ने हुन्छ । नगरपालिकामा देहाय अनुसारका कार्यहरु प्रारम्भ गर्नुपर्ने देखिन्छ ।

- कृषि उत्पादन सङ्कलन केन्द्र तथा हाट बजारः नगरपालिकाको स्थानीय उत्पादनलाई धनगढी उप- महानगरपालिका, भीमदत्त नगरपालिकाको महेन्द्रनगर बजार, अत्तरिया बजार, डोकीबजार तथा जिल्ला बाहिरका मुख्य बजार केन्द्रहरुसम्म पुऱ्याउन कृषि उत्पादन सङ्कलन केन्द्र र कृषि तथा पशुजन्य हाटबजार उपयुक्त माध्यम बन्न सक्दछ । यसका लागि नगरपालिकाले उपयुक्त जग्गाको व्यवस्था, बजार सेड तथा पहुँच मार्गजस्ता पूर्वाधार निर्माण र प्रचार प्रसार उत्तिकै महत्वपूर्ण हुन्छ । यसबाट नगरपालिकालाई व्यवसाय कर तथा बहाल विटौरी करको दायरा विस्तार हुन्छ ।
- नगरपालिकाको चल अचल सम्पत्तिको परिचालनः नगरपालिकासँग जम्मा केहि मात्र जमिन रहेको छ । यसमा नगर कार्यपालिकाको कार्यालय सञ्चालनका लागि केहि भवनहरु रहेका छन् । यी जग्गा बाहेक पनि नगरपालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक, ऐलानी पर्ती जग्गाहरु रहेका छन् । नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको जग्गा तथा सार्वजनिक ऐलानी पर्ती जग्गा मध्ये केहि जमिनलाई आय आर्जनको प्रयोजनका लागि उपयोग हुनसक्ने देखिन्छ जसलाई आयआर्जन प्रयोजनको उपयोग सम्बन्धी अध्ययन गरी सो बमोजिम परिचालन गर्न उचित हुने देखिन्छ । यसबाट नगरपालिकालाई दिगो रुपमा आन्तरिक आय प्राप्त हुन सक्नेछ ।
- समावेशिता तथा सहभागिता अभिबृद्धिः कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिब, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुविधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

# परिच्छेद –पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

## *५.१ नगरपालिकाको राजश्व सुधार कार्ययोजना*

नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो । नगरपालिकाको आयोजना र परामर्शदातृ संस्थाको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, नगरपालिका कार्यालय तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरू विभिन्न समूहमा बसी समूह अभ्यास गरी राजश्व सुधारको मस्यौदा कार्ययोजना तयारी तथा प्रस्तुती गरिएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तालिका ७ मा देखाइए बमोजिम तयार गरिएको छ ।

तालिका ७: राजश्व सुधार कार्ययोजना

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. राजश्वका स्रोतहरुको परिचालन तथा दर निर्धारणमा सुधार** | | | |
| **भुमिकर/मालपोत** | प्राप्त अभिलेख नियमित अद्यावधिक गर्ने र भुमिकरको दर निर्धारण गर्ने | | |
| मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने | | ०७९ पौस मसान्त सम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| वडागत रुपमा सम्पुर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने | | ०७९ पौस मसान्त सम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| जग्गाको पुनवर्गिकरण गरी मुल्यांकनको आधार वैज्ञानिक बनाउने | | ०८० पौस मसान्त सम्म | नगर उपप्रमुख, राजश्व अधिकत वा शाखा प्रमुख |
| जग्गाको मुल्यको आधारमा मालपोत तथा भुमिकरको दर निर्धारण गर्ने | | ०८१ असार मसान्तसम्म | राजश्व परामर्श समिति, राजश्व अधिकृत वा शाखा प्रमुख |
| **सम्पत्ति कर** | सम्पत्ती कर सम्बन्धि कार्यविधि तयारी गरी मालपोत र सम्पत्ती कर एकै पटक लिन सकिने व्यवस्था गर्ने | | |
| हालको एकिकृत व्यवस्थामा रहेको करदाताको अभिलेख अनुसार सम्पत्ति करको करदाता पहिचान गर्ने | | ०८० असार मसान्तसम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने | | ०८० असार मसान्तसम | राजश्व परामर्श समिति, राजश्व अधिकृत वा शाखा |

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | म | प्रमुख |
| सम्पत्ति कर सम्बन्धि जनचेतना शिविर संचालन गर्ने | | २०८१ जेठ मसान्तसम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| मालपोत र सम्पत्ति कर एकै पटक लिन सकिने भनि आर्थिक ऐनमा उल्लेख गर्ने | | ०८१ असार मसान्तसम्म | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| **घरजग्गा बहाल कर** | घरबहाल कर पुनरावलोकन गरि दायरा बृद्धि गर्ने | | |
| संरचनाको प्रकार र स्थानको आधारमा न्युनतम बहाल मुल्य निर्धारण गर्ने | | २०८० असार मसान्त सम्म | राजश्व परामर्श समिति, राजश्व अधिकृत वा शाखा प्रमुख |
| घरजग्गा बहाल करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने | | २०८० असार मसान्त सम्म | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| सम्पत्तिको अभिलेखमा बहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा बहाल कर रकम निर्धारण तथा असुल गर्ने | | ०८१ साउनदेखि | राजश्व अधिकृत वा शाखा प्रमुख, वडा सचिवहरु |
| **व्यवसाय कर** | व्यवसायको कारोवारको परिमाणका आधारमा कर निर्धारण गरि कर संकलन गर्ने | | |
| सम्भाव्य व्यवसाय करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने | | ०८० पौस मसान्तसम्म | राजश्व अधिकृत वा शाखा प्रमुख, वडा सचिवहरु |
| अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने | | ०८१ असार मसान्तसम्म | राजश्व अधिकृत वा शाखा प्रमुख, वडा सचिवहरु |
| लगानी, कारोवारको प्रकृति, कारोवारको परिमाणका आधारमा करको दर निर्धारण गर्ने | | ०८१ जेठ मसान्तसम्म | नगर कार्यपालिका, नगरसभा, नगर प्रमुख, नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| वार्षिक रुपमा नयाँ व्यवसाय दर्ता तथा नविकरणका लागि शिविर संचालन गर्ने | | ०८१ असार | राजश्व अधिकृत वा शाखा प्रमुख |
| **स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थको विक्रि** | छिमेकी पालिकाहरुसँग समन्वय गरि वातावरणीय परिक्षणका आधारमा नदीजन्य पदार्थको उत्खनन शुरु गर्ने | | |
| वातावरणीय परिक्षण गर्ने र विक्रिदर आर्थिक ऐनमा उल्लेख गर्ने | | ०८० असार सम्म | नगर प्रमुख, उपप्रमुख तथा राजश्व अधिकृत |
| ठेक्का व्यवस्थापन गर्ने | | ०८० भदौ | राजश्व शाखा प्रमुख |
| नदीजन्य पदार्थको व्यवस्थित उत्खनन तथा विक्रिका लागि अनुगमन समितिबाट नियमित अनुगमन गर्ने | | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, राजश्व |

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | व्यवस्था गर्ने | | शाखा प्रमुख तथा नगर कार्यपालिका |
| अन्य गाउँपालिकासँग सिमा जोडिएको क्षेत्रमा आउने समस्या समाधानका लागि अन्य निकाय, प्रदेश सरकार, जिल्ला समन्वय समिति, सिमा जोडिएका स्थानीय सरकार आदिसँग समन्वय गर्ने, अनुगमनलाई नियमित र प्रभावकारी बनाइ वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिस गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गर्ने | | ०८१ असार | प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा प्रमुख तथा नगर कार्यपालिका |
| **वन पैदावार** | | | |
| सामुदायिक वन पैदावार विक्रिबाट प्राप्त हुने रकमको १० प्रतिशत रकम गाउँपालिकामा जम्मा हुने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने | सामुदायिक वनको वन पैदावार विक्रि बापतको रकम लिन शुरुवात गर्ने | ०८१ असार | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| सामुदायिक वनसँग समन्वय गरि वन पैदावार विक्रि सम्बन्धि तथ्यांक संकलन र नियमित अद्यावधिक गर्ने | | ०८१ असार | राजश्व अधिकृत वा शाखा प्रमुख |
| सामुदायिक वनको पैदावार विक्रि बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित शिर्षकमा दाखिला गर्ने | | ०८१ असार | राजश्व अधिकृत वा शाखा प्रमुख |
| **सेवा शुल्क** | | | |
| सेवा शुल्क लिन सकिने क्षेत्रहरु (अतिथि गृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क, हाटबजार तथा सार्वजनिक जग्गाको लिज, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर तथा अन्य) पहिचान गर्ने र पहिचान भएका आयोजना मध्ये स्वलगानीमा संचालन गर्ने आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने | सम्भावित सेवाशुल्क व्यवस्थापन गर्ने | ०८० असारसम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| सार्वजनिक निजि साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरि कार्यान्वयन प्रकृया अघि बढाउने | | | राजश्व अधिकृत, योजना अधिकृत |
| गाउँपालिकाले उपलब्ध गराउने सेवा शुल्कको दरमा समसामयिक परिमार्जन गर्ने | | | नगर उपप्रमुख |
| **दर्ता नविकरण** | दर्ता नविकरण तथा इजाजत कार्यविधि तयार गरि कार्यान्वयन गर्ने | | |
| विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम रेडियो संचालन, स्थानीय स्तरमा संचालित उद्योग, व्यापारिक फर्म आदिको दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गर्ने | | ०८१ असार | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| **सिफारिस तथा प्रमाणित दस्तुर** | सिफारिस तथा प्रमाणित दस्तुरमा समयानुकुलन पुनरावलोकन गर्ने | | |
| सिफारिस तथा अन्य सेवाको शुल्कको दर पुनरावलोकन गरि आवश्यकता अनुसार परिमार्जन गर्ने | | ०८० असार मसान्त | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| **ख. राजश्व परिचालन नीतिमा सुधार** | | | |
| **नीतिगत व्यवस्था** | | | |
| वार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई वार्षिक रुपमा परिमार्जन गर्दै जाने | आर्थिक ऐन तथा कर नीतिमा वार्षिक सुधार गर्ने | ०८० असार | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| प्रगतिशिल करको दर, मुल्य र महत्वको आधारमा करको दर निर्धारण, समयानुकुल परिमार्जन गर्ने | | ०८० असार | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **सांगठनिक स्वरुप** | राजश्व शाखामा कामको चाप अनुसार जनशक्ति व्यवस्थापन गर्ने | | |
| राजश्व सम्बन्धि कामको चाप र आवश्यकता अनुसार वडा कार्यालय देखि राजश्व शाखामा कर्मचारीको मिलान गर्ने | | २०८० साउन | नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत |
| **ग. कर, शुल्क तथा दस्तुरको दायरा र असुली प्रणालीमा सुधार** | | | |
| **सुचना तथा प्रचार प्रसार** | करदातालाई समयमा कर तिर्न उत्प्रेरित गर्ने | | |
| पत्रपत्रिकाबाट कर सम्बन्धि चेतनामुलक सुचना प्रवाह गर्ने | | २०७९ साउन देखि | राजश्व अधिकृत |
| टेण्डर, विज्ञापन लगायतका सुचनाहरु छापा तथा विद्युतीय लगायतका प्रभावकारी तथा सान्दर्भिक माध्यमबाट प्रसारण गर्ने | | ०७९ साउन | नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| **राजश्व असुलिमा पारदर्शिता तथा जवाफदेहिता** | राजश्व दररेटमा पारदर्शिता कायम गर्ने | | |
| नागरिक वडापत्रको व्यवस्था तथा अद्यावधिक गर्ने | | ०७९ साउन | नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| हरेक वर्ष समयानुकुल करको दरमा अद्यावधिक गर्ने | | ०८० असार | नगर उपप्रमुख, राजश्व अधिकृत वा शाखा प्रमुख |
| **करदाताको पहिचान तथा अभिलेख** | करदाताको पहिचान गरि अभिलेखिकरण गर्ने | | |
| वर्गिकृत करदाता तथ्यांक संकलन | | ०८० चैत्र मसान्त | राजश्व अधिकृत वा शाखा प्रमुख |
| करछुट नहुने सेवाको वर्गिकरण | | ०८० चैत्र मसान्त | राजश्व अधिकृत वा शाखा प्रमुख |
| प्रत्येक परिवारको पालिका क्षेत्रभित्र भएका घरजग्गाको लगत संकलन | | ०८० चैत्र मसान्त | राजश्व अधिकृत वा शाखा प्रमुख |
| विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने | | ०८० साउनदेखि | राजश्व अधिकृत वा शाखा प्रमुख |
| **मानवीय क्षमता विकास** | आन्तरिक राजश्व संकलनका लागि क्षमता विकास गर्ने | | |
| राजश्व शाखामा दरबन्दि मिलान गरी जनशक्ति बढाउने | | ०८० असार सम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजश्व प्रशासन र अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने | | ०८० असार सम्म | राजश्व अधिकृत वा शाखा प्रमुख |
| राजश्व शाखा तथा वडा कार्यालयमा काम गर्ने कर्मचारीहरुका लागि राजश्व सम्बधि तालिम तथा अभिमुखिकरण गर्ने | | ०८० पौस भित्र | राजश्व अधिकृत वा शाखा प्रमुख |
| राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने कार्यक्रम आयोजना गर्ने | | नियमित | राजश्व शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत |
| **तथ्यांक तथा सुचना व्यवस्थापन** | राजश्व संकलनमा प्रभावकारीता बढाउने | | |
| कम्प्युटराइज्ड बिलिङ प्रणालीको शुरुवात गर्ने | | ०८० साउन | राजश्व शाखा प्रमुख, प्रमुख |

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | | प्रशासकीय अधिकृत |
| **राजश्व संकलन र अभिलेख** | तथ्यांक व्यवस्थापन गर्ने | | |
| राजश्वको शिर्षक अनुसार अभिलेख राख्ने, वार्षिक अनुमान गरे अनुसार राजश्व संकलनको लागि कार्यहरु गर्ने | | ०८० पौस देखि | राजश्व अधिकृत वा शाखा प्रमुख |
| **करदाता तथा कर्मचारी प्रोत्साहन** | राजश्व संकलन बढाउने | | |
| बढि करतिर्ने करदाता तथा बढि राजश्व उठाउने कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने | | ०८० असार | प्रमुख प्रशासकीय अधिकृत |
| **राजश्व असुली रणनीति** | करदातासम्म पुगेर कर उठाउने नीति अवलम्बन गर्ने | | |
| विभिन्न संचार माध्यमबाट कर सम्बन्धि चेतनामुलक प्रचार प्रसार गर्ने | | ०७९ भदौ | राजश्व अधिकृत वा शाखा प्रमुख |
| कर उठाउने टोली खटाइ कर शिविर तथा व्यवसाय दर्ता नविकरण शिविर संचालन गर्ने | | ०८१ बैशाख | राजश्व शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| **राजश्व चुहावट नियन्त्रण** | राजश्व चुहावट नियन्त्रण गरि आन्तरिक श्रोतको संरक्षण गर्ने | | |
| करदाताको अभिलेख वार्षिक रुपमा अद्यावधिकरण गर्ने | | तेश्रो चौमासिक मा | राजश्व शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| करदाता पहिचान तथा निरिक्षण गरि चुहावट भए नभएको यकिन गर्ने | | तेश्रो चौमासिक मा | राजश्व शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| चुहावट भएकोमा जरीवाना सहित असुल गर्ने | | तेश्रो चौमासिक मा | राजश्व शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| **घ. अनुगमन** | | | |
| **अनुगमन मुल्यांकन** | कर सम्बन्धि नीति, कानुन तथा संरचनाको अध्ययन गरि समयानुकुलन बनाउने | | |
| सम्बन्धित शाखा वा समितिले वडादेखि गाउँपालिकाको सबै शाखा तथा सम्पुर्ण सरोकारवाला निकायमा स्थलगत निरिक्षण गर्ने, करको महत्व बुझाउने, सुझाव संकलन गर्ने | | हरेक आ.व. को तेश्रो चौमासिक | राजश्व अनुगमन समिति, राजश्व शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| **आन्तरिक लेखापरिक्षण** | | | |
| चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम् अन्तिम लेखापरिक्षणबाट आएका सुझावहरुलाई कार्यान्वयन गर्ने | | हरेक आ.व.को तेश्रो चौमासिक | राजश्व शाखा प्रमुख, आलेप अधिकृत |
| **विविध** | | | |
| **करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम** | राजश्व संकलनमा प्रभावकारीता ल्याउने | | |
| कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने<br>● करदातालाई सम्मान (बढी कर तिर्नेलाई) गर्ने | | ● वार्षिक रुपमा ( नगर सभा गर्ने | ● गाउँ कार्यपालिका<br>● प्रमुख प्रशासकीय अधिकृत |

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | अपेक्षित उपलब्धि | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| • निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | | दिनमा) | • राजश्व परामर्श समिति |
| **राजश्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती** | | | |
| राजश्व शाखाको लागि कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने | | • तत्कालै | • नगरकार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत |
| **निजिक्षेत्रको सहभागिता** | | | |
| वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजिक्षेत्रको सहभागिता बढाउदै लैजाने | | • २०७९ चैत्र मसान्तसम्म | • कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद –६: आगामी तीन वर्षको आय प्रक्षेपण

मूलतः विगत तीन वर्षको यथार्थ आय तथा नगरपालिकाको राजश्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा यस परिच्छेदमा नगरपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

## *६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण*

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९।८० देखि २०८१।८२) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजश्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । आन्तरिक राजश्व प्रक्षेपणको आधार र प्रक्षेपित आयको विवरण तालिका ८ मा प्रस्तुत गरिए बमोजिम हुने अनुमान गरिएको छ ।

तालिका ८: आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपणका आधारहरु रु. हजारमा

| राजश्व संकेत | राजश्व शिर्षक | कुल सम्भाव्य आय (रु हजारमा) | प्रक्षेपणको आधार | प्रक्षेपित आय (रु हजारमा) |
|---|---|---|---|---|
| क | आन्तरिक आय तर्फ | | | |
| ११३१३ | सम्पत्ती कर | १७,२०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८४,०० |
| ११३१४ | भुमीकर (मालपोत) | ८,४०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४,२०० |
| ११३२१ | घरबहाल कर | ४,५०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २,२५० |
| ११३२२ | बहाल विटौरी शुल्क | ६,००० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६,००० |
| ११४७२ | विज्ञापन कर | १०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०० |
| | व्यवसाय कर | १,५०० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७५० |

| राजश्व संकेत | राजश्व शिर्षक | कुल सम्भाव्य आय (रु हजारमा) | प्रक्षेपणको आधार | प्रक्षेपित आय (रु हजारमा) |
|---|---|---|---|---|
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १,२०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १,२०० |
| १४२४२ | नक्सापास दस्तुर | ३५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३५० |
| १४२४३ | सिफारिस दस्तुर | ४,३५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४,३५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २५० |
| १४२४९ | अन्य दस्तुर | २,५०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २,५०० |
| १४५२२ | साना सवारी कर | २५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २५० |
| १४५२९ | अन्य राजश्व (विविध आय) | | | ६११२ |
| १५१११ | बेरुजु | | बेरुजु घटाउने र भएका बेरुजुलाई समयमै असुली तथा नियमित तथा रुजु गर्ने | ० |
| **ख** | **राजश्व बाँडफाँट तर्फ** | | | **०** |
| १४४११ | बाँडफाट भइ प्राप्त हुने आय | | राजश्व बाँडफाँट बापत चालु आवका लागि संघीय सरकारबाट प्राप्त अनुमान र आगामी आव.हरुमा १० प्रतिशतका दरले बृद्धि अनुमान | १३५८३४ |
| **ग** | **अनुदान तर्फ** | | | **०** |
| | **संघीय सरकार** | | | |
| १३३११ | समानीकरण अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | १६९५०० |
| १३३१२ | सशर्त अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | २५९२२६ |
| १३३१३ | विषेश अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | ० |
| १३३१४ | समपुरक अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | ० |

| राजश्व संकेत | राजश्व शिर्षक | कुल सम्भाव्य आय (रु हजारमा) | प्रक्षेपणको आधार | प्रक्षेपित आय (रु हजारमा) |
|---|---|---|---|---|
| १३३१५ | अन्य अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | ० |
| १३३२१ | सशर्त अनुदान पुँजिगत | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | ० |
| १३३२२ | विषेश अनुदान पुँजिगत | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | ० |
| | प्रदेश सरकार | | | |
| | समानीकरण अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | १२४१६ |
| | शसर्त अनुदान चालु | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | ० |
| | शसर्त अनुदान पुँजिगत | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | १७८७३ |
| | विषेश अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | |
| | समपुरक अनुदान | | आगामी आ.व.को सिलिङमा १० प्रतिशतले बृद्धि हुने अनुमान | |
| **घ** | **जन सहभागिता तर्फ** | | | ० |
| १४५२३ | जन सहभागिता | | विगत देखि हालसम्म जनसहभागिताको अभिलेख नभएको हुँदा आगामी दिनमा पनि यसको अनुमान गरिएको छैन | ० |
| | **जम्मा राजश्व तथा अनुदान** | | | ६२३६११ |

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजश्व प्रक्षेपण

आय शिर्षकको संभाव्य आधार तथा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रक्षेपणको लागि राजश्व संकेत वर्तमानमा सिफारिस गरिएको लेखा कोडको आधारमा गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार ऐनले दिए बमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार नगरपालिकाको आय वृद्धि हुने देखिन्छ।

अघिल्लो आ.व. २०७६।७७ भन्दा २०७७।७८ मा घरबहाल करमा ११४.५६ प्रतिशत, अन्य कर ३५५.७६ प्रतिशतले बृद्धि भएपनि समग्रमा २.९१ प्रतिशतले आन्तरिक राजश्व घटेको देखिएको छ। पालिकाले आन्तरिक राजश्व संकलनमा सुधारात्मक प्रयास गर्न सके गत आ.व. भन्दा आगामी आ.व. मा करिब ५४ प्रतिशतले बृद्धि हुने देखिन्छ। त्यसपछिका वर्षहरुमा औसत १० प्रतिशत बृद्धिदर रहने प्रक्षेपण गरिएको छ। विगत वर्षको यथार्थ आन्तरिक राजश्व तथा आगामी तीन वर्षको तालिका ११ बमोजिमका आधारहरुमा प्रक्षेपित राजश्वको विवरण तालिका ९ मा प्रस्तुत गरिएको छ।

तालिका ९: आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण रु. हजारमा

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय | | बृद्धि दर | चालु आ.व.को प्रस्तावित आय | आगामी ३ वर्षको आय प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७७८ | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ११३१३ | सम्पत्ती कर | ४,३६१ | ८,०२८ | ८४.१०% | ८,१०० | ८,४०० | ९,२४० | १०,१६४ |
| ११३१४ | भुमिकर (मालपोत) | १५,८१४ | ३,२७२ | -७९.३१% | ४३० | ४,२०० | ४,६२० | ५,०८२ |
| ११३२१ | घरबहाल कर | ६६७ | १,४३१ | ११४.५६% | १,४३० | २,२५० | २,४७५ | २,७२३ |
| ११३२२ | बहाल विटौरी शुल्क | १,०७४ | १,९१८ | ७८.५३% | १,९२० | ६,००० | ६,६०० | ७,२६० |
| ११४५१ | सवारी साधन कर ( साना सवारी दर्ता, वार्षिक सवारी कर) | - | - | | - | २५० | २७५ | ३०३ |
| ११४७२ | विज्ञापन कर | - | - | | - | १०० | ११० | १२१ |
| ११६१३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | २,००० | ३,६८७ | ८४.३७% | ३,८०० | ४,५०० | ४,९५० | ५,४४५ |
| ११६१४ | रेडियो, एफ.एम संचालन दस्तुर | - | - | | - | | - | - |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | - | - | | - | | - | - |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | - | - | | - | | - | - |
| ११६९१ | अन्य कर | १०० | ४५६ | ३५५.७६% | ४०० | ६,५०० | ७,१५० | ७,८६५ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | १,४७२ | | १,००० | १,२०० | १,३२० | १,४५२ |
| १४२११ | कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | - | - | | - | | - | - |
| १४२१२ | सरकारी सम्पत्तीको विक्रिबाट प्राप्त रकम | - | - | | - | | - | - |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | २१२ | २१४ | ०.५५% | २०० | | - | - |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५० | ३१८ | ५३५.८०% | ३५० | ३५० | ३८५ | ४२४ |
| १४२१९ | अन्य सेवा शुल्क | - | - | | - | | - | - |
| १४२२१ | न्यायिक दस्तुर | - | - | | - | | - | - |
| १४२२९ | अन्य प्रशासनिक सेवा | | | | | ७ | | |

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय | | बृद्धि दर | चालु आ.व.को प्रस्तावित आय | आगामी ३ वर्षको आय प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७७८ | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | शुल्क | - | - | | - | | ८ | ८ |
| १४२४१ | पार्किङ्ग शुल्क | - | - | | - | ५०० | ५५० | ६०५ |
| १४२४२ | नक्सापास दस्तुर | ६० | २५९ | ३३१.५१% | ३०० | ३५० | ३८५ | ४२४ |
| १४२४३ | सिफारिस दस्तुर | ४,००० | ३,८६३ | -३.४२% | ३,८५० | ४,३५० | ४,७८५ | ५,२६४ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ११० | ४०१ | २६४.६४% | ४०० | ४५० | ४९५ | ५४५ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १० | २३३ | २२२७.७५% | २३० | २५० | २७५ | ३०३ |
| १४२४९ | अन्य दस्तुर | ५०० | २,६४२ | ४२८.३९% | २,४७० | २,५०० | २,७५० | ३,०२५ |
| १४३१२ | प्रशासनिक जरिवाना र जफत | १५० | ५८ | -६१.१३% | २० | ५० | ५५ | ६१ |
| १४५११ | बिमा दावी प्राप्ती | - | - | | - | ३५० | ३८५ | ४२४ |
| १५१११ | बेरुजु | १० | २१ | १०५.५०% | १०० | २०० | २२० | २४२ |
| १४६११ | व्यवसाय कर | - | - | | - | ७५० | ८२५ | ९०८ |
| | **जम्मा** | २९,११८ | २८,२७२ | -२.९१% | २५,००० | ४३,५०७ | ४७,८५८ | ५२,६४३ |

## कुल आय संरचना

यस अध्ययनका आधारमा आगामी तीन आ.व.मा नगरपालिकाको आय संरचना तालिका १० अनुसारको हुने प्रक्षेपण गरिएको छ । जस अनुसार चालु आ.व.मा कुल आय ६५ करोड २८ लाख २४ हजार हुने र आन्तरिक राजश्व २ करोड ५० लाख हुने अनुमान गरिएकोमा २०७९ जेठ २५ सम्ममा कुल आय ६० करोड ३२ लाख १८ हजार देखिएको छ । जसमध्ये आन्तरिक राजश्वको हिस्सा करिब ४ प्रतिशत मात्रै अर्थात् आन्तरिक राजश्व २ करोड १८ लाख ३० हजार मात्रै संकलन भएको देखिन्छ । आगामी आ.व.देखि कुल आयको करिब ७ प्रतिशतको हाराहारीमा आन्तरिक राजश्वको हिस्सा रहने प्रक्षेपण गरिएको छ ।

तालिका १०: चालू आ.व.को अनमुान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपणको सारांश

रु. हजारमा

| क्र. सं. | आय शिर्षक | गत आर्थिक वर्षको कुल आय | | २०७८/७९ | आगामी ३ वर्षको आय प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | प्रस्तावित आय | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | आन्तरिक आय | २९,११८ | २८,२७२ | २५,००० | ४३,५०७ | ४७,८५८ | ५२,६४३ |
| २ | संघीय सरकार | - | - | - | | | |
| | समानीकरण अनुदान | १५३,६०० | १५१,५०० | १६०,८०० | १६९,५०० | १८६,४५० | २०५,०९५ |
| | शसर्त अनुदान चालु | २१९,१८५ | २६५,५३६ | २४३,८३८ | २५९,२२६ | २८५,१४९ | ३१३,६६३ |
| | शसर्त अनुदान पुँजिगत | | | ४९,६०४ | | - | - |
| | विषेश अनुदान | | १,९९५ | | | - | - |
| | समपुरक अनुदान | | १३,९०० | | | - | - |
| ३ | प्रदेश सरकार | - | - | - | | - | - |
| | समानीकरण अनुदान | ७,४२१ | ७,२९३ | ११,७५१ | १२,४१६ | १३,६५८ | १५,०२३ |
| | शसर्त अनुदान चालु | ९,८२९ | १९,७११ | | | - | - |
| | शसर्त अनुदान पुँजिगत | | | १६,२४८ | १७,८७३ | १९,६६० | २१,६२६ |
| | विषेश अनुदान | | ४,८०० | ५,००० | | - | - |
| | समपुरक अनुदान | | ८,२७८ | १३,१३३ | | - | - |
| ४ | राजस्व बाँडफाँटबाट प्राप्त आय | ८२,२०५ | १०३,४८६ | १२७,४५० | १३५,८३४ | १४९,४१७ | १६४,३५९ |
| ५ | दायित्व | - | - | - | | - | - |
| ६ | जनसहभागिता | - | - | - | | - | - |
| | **कुल आय** | **५०१,३५८** | **६०४,७७१** | **६५२,८२४** | **६३८,३५६** | **७०२,१९१** | **७७२,४११** |
| | कुल आयमा आन्तरिक आयको हिस्सा | ६% | ५% | ४% | ७% | ७% | ७% |

# परिच्छेद सात : अपेक्षित नतिजा

पुनर्वास नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा कार्यालयको अभिलेख, बिभिन्न पदाधिकारीहरुसँगको छलफलबाट प्राप्त सुझावहरु तथा नीजिक्षेत्र लगायत अन्य सरोकारवालाहरुसँगको छलफल र यस नगरपालिकाको विगत नीति तथा कार्यक्रमका आधारमा तयार गरिएको यस राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट अपेक्षा गरिएका उपलब्धिहरुको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५, अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन, पुनर्वास नगरपालिकाको आर्थिक ऐन, बार्षिक नीति, कार्यक्रम तथा बजेटको अध्ययन तथा जनप्रतिनिधी, अन्य सरोकारवाला प्रतिनिधीहरु तथा कर्मचारीहरुसँगको छलफलबाट प्राप्त सुझावका आधारमा पाँच वर्षीय राजश्व सुधार कार्ययोजना तयार गरिएको छ । सहभागितामुलक छलफल र उपलब्ध सूचनाहरुका आधारमा तयार गरिएको यस कार्ययोजनाले पहिचान गरेका कार्यहरुहरुलाई समयमा कार्यान्वयन गर्न सकेमा राजश्व संकलनमा उल्लेख्य बृद्धि भई देहाय बमोजिमको नतिजा हासिल हुने अपेक्षा गरिएको छ ।

- स्थानीय राजश्व परामर्श समितिबाट आगामी आर्थिक वर्षहरुमा अनुमान गरिने राजश्वको अनुमान बढि यर्थाथपरक भएको हुनेछ ।
- नगरपालिका र करदाताहरु बिचको सम्बन्ध थप सुधार भएको हुनेछ र सहकार्यमा अभिबृद्धि भएको हुनेछ ।
- नगरपालिकाको राजश्व प्रशासनको क्षमता अभिवृद्धि र राजश्व प्रशासन करदाता मैत्री भएको हुनेछ ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषणका आधारमा आगामी वर्षको आय प्रक्षेपण गर्न सघाउ पुग्नेछ ।
- आन्तरिक आयबृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान हुनेछ ।
- राजश्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरि राजश्व प्रशासन सुधारमा सहजता आउनेछ ।
- नगरपालिकाको विद्यमान राजश्वका श्रोतहरुको अध्ययन तथा विश्लेषण गरि वर्तमान ऐनको प्रावधान अनुसारका सम्भावनाहरुको खोजी भइ राजश्वको दायरा बृद्धि गर्न सहज हुनेछ ।
- नगरपालिकाको आन्तरिक आयमा बढोत्तरी हुनेछ ।

पुनर्वास नगरपालिकाको राजश्व सुधार योजना २०७९/८० -२०८०/८१ को कार्यान्वयनबाट यस नगरपालिकाको आन्तरिक राजश्व संकलनमा सुधार आउने अपेक्षा गरिएको छ । पुनर्संरचना पछिको स्थानीय तहले प्राप्त गरेको संवैधानिक तथा कानुनी अधिकार प्रयोग गरि आन्तरिक राजश्व बृद्धि तथा

स्थानीय समुदायको सर्वपक्षीय विकासका लागि श्रोतको उपलब्धतामा बृद्धि हुने अपेक्षा गरिएको छ । विगत वर्षहरुमा कुल आयको ४ प्रतिशत आन्तरिक राजश्वको हिस्सा रहेको, चालु आ.व.मा ४ प्रतिशत हुने अनुमान गरिएको थियो । जेठ सम्ममा कुल अनुमानको करिब ८७ प्रतिशत आन्तरिक राजश्व संकलन भइ कुल आयको ४ प्रतिशत हिस्सा ओगटेको छ । आगामी आ.व. २०७९।८० मा कुल आय रु ६३ करोड ८३ लाख ५६ हजारको करिब ७ प्रतिशत हिस्सा रु. ४ करोड ३५ लाख ७ हजार आन्तरिक राजश्वको हुने अपेक्षा गरिएको छ । त्यस्तै पछिल्लो आ.व. ०८०।८१ मा कुल आय रु ७० करोड २१ लाख ९१ हजारको करिब ७ प्रतिशत हिस्सा रु. ४ करोड ७८ लाख ५८ हजार आन्तरिक राजश्वको हुने अपेक्षा गरिएको छ भने आ.व. ०८१।८२ मा कुल आय रु ७७ करोड २४ लाख ११ हजारको करिब ७ प्रतिशत हिस्सा रु. ५ करोड २६ लाख ४३ हजार आन्तरिक राजश्वको हुने अपेक्षा गरिएको छ । यसका लागि पालिकाले प्रशासनिक सुधार, प्रणाली गत सुधार तथा कार्यगत सुधार गरि राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन गर्नुपर्दछ ।

# परिच्छेद आठ : अनुगमन तथा मूल्यांकन

पुनर्वास नगरपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढी जिम्मेवारी बनाईनेछ । साथै स्थानीय राजश्व परामर्श समितिलाई सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा राजश्व सुधार कार्ययोजनाको प्रगति सम्वन्धी अनुगमन गर्न एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

अनुगमन तथा मूल्यांकन समितिको संरचना देहाय बमोजिम रहने छ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | उपसंयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्रतिनिधी, उद्योग बाणिज्य संघ | सदस्य |
| प्रतिनिधि, नागरिक समाज वा टोल विकास संस्था | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |

उद्योग बाणिज्य संघ र नागरिक समाजको तर्फका प्रतिनिधित्व गर्ने सदस्यलाई यस समितिले निर्णय गरी सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

कार्यपालिकाले आवश्यकता ठानेमा अन्य विषय विज्ञ व्यक्तिहरुलाई पनि आमन्त्रित सदस्यका रुपमा समितिमा राख्न वा समितिको बैठकमा बोलाई आवश्यक सल्लाह सुझाव लिन सक्नेछ । अनुगमन तथा मूल्यांकन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ तर समितिले आवश्यकता ठानेमा आवश्यकता अनुसार जतिपटक पनि बैठक बस्न सक्नेछ । अनुगमन समितिले तालिका ११ अनुसार कार्य गर्नेछ ।

तालिका ११: अनुगमन कार्ययोजना

| कार्यहरु | कार्य गर्ने प्रकृया | जिम्मेवार व्यक्ति/निकाय | कार्य गर्ने स्थान | समयावधि |
|---|---|---|---|---|
| राजश्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने | बजेट तर्जुमा गर्ने र सभाबाट परित गराउने । | प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका | नगर कार्य पालिकाको कार्यालय | २०८० असार १० |
| सबै क्रियाकलापहरुलाई अलग अलग रुपमा बजेट विनियोजन गर्न संभव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ट बजेटको माग गर्ने । | बजेट तर्जुमा गर्ने र सभाबाट परित गराउने । | प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका | नगर कार्य पालिकाको कार्यालय | २०८० असार १० |

| कार्यहरु | कार्य गर्ने प्रकृया | जिम्मेवार व्यक्ति/निकाय | कार्य गर्ने स्थान | समयावधि |
|---|---|---|---|---|
| स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/ /उपशाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने । | O&M Plan अनुसार कर्मचारी व्यवस्थापन गर्ने, दरबन्दि मिलान गर्ने | प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका | नगर कार्य पालिकाको कार्यालय | २०८० असार १० |
| जिम्मेवार शाखा वा कर्मचारीले आफुसँग सम्बन्धित कार्य जिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्ने | जिम्मेवार शाखा/उपशाखा वा पदाधिकारीहरुबाट उनीहरुको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत मार्फत संकलन गरि समिक्षा गर्ने । | राजश्व अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत | नगर कार्य पालिकाको कार्यालय | निरन्तर |
| राजश्व चुहावट नियन्त्रणका लागि कार्य गर्ने | अनुगमन तथा मूल्यांकन समितिबाट प्राप्त सुझावहरुलाई राजश्व परामर्श समितिमा वा कार्यपालिकाको बैठकमा पेश गरि आवश्यक कार्वाही गराउने | राजश्व अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत | नगर कार्य पालिकाको कार्यालय | निरन्तर |
| क्रियाकलापहरुको कार्यान्वियनको अवस्थाको समिक्षा गरि आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न | कार्ययोजनामा भएको क्रियाकलापहरुको कार्यान्वियनको अवस्थाको समिक्षा गरि आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न तथा जिम्मेवारीहरुको हेरफेर गर्नको लागि राजश्व परामर्श समिति समक्ष सिफारिस गर्ने । | राजश्व अधिकृत, प्रमुख प्रशासकीय अधिकृत तथा नगर उपप्रमुख | नगर कार्य पालिकाको कार्यालय | २०८० असार मसान्त |

# अनुसूचीहरु

## *अनुसूची १ : सन्दर्भ सामग्रीहरू*


- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
